महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## कैलारी गाउँपालिका

कैलाली





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## कैलारी गाउँपालिका

### कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## कैलारी गाउँपालिका

कैलाली

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५०५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
कैलारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले कैलारी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. २ करोड ४६ लाख ७१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड २९ लाख ३९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८ लाख ५३ हजार, नियमित गर्नुपर्ने रु. ७ लाख ५९ हजार र सोधभर्ना नलिएको रु. १ लाख २० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ९ करोड १७ लाख २ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरूजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ११ करोड ६३ लाख ७३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# कैलारी गाउँपालिका, कैलाली

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| १०५ | ७९ | २४६७१ | ० | ० | ० | १०५ | ७९ | २४६७१ | १२९३९ | ७५९ | १०८५३ | ० | १२० | ११७३२ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तहको नाम र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कैलारी गाँउपालिका, कैलाली | ९१७०२ | ० | ० | ९१७०२ | ० | २४६७१ | ११६३७३ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : कैलारी गाउँपालिका, कैलाली , कैलारी गाउँपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विर बहादुर ऐर | २०७८-१०-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिपेन्द्र चौधरी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २४,६७१,५३८.११ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६,९८,२७,०९५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४५,०९,४६,००० | **चालु खर्च** | ४०,६०,५५,३१८.२६ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,४६,७६,००० | **पूँजीगत खर्च** | २०,१०,४७,२७०.१ |
| **राजश्व बाँडफाँट** | ११,७४,९२,७२०.५६ | **वित्तीय/अन्य व्यवस्था** | २६,८०,२६,३००.३५ |
| **आन्तरिक आय** | २,८०,९४,३०९.३४ | | |
| **अन्य आय** | २३,०१,४५,५७२.०८ | | |
| **कुल आय** | ८६,१३,५४,६०१.९८ | **कुल खर्च** | ८७,५१,२८,८८८.७१ |
| **बाँकी मौज्दात** | | ५,६०,५२,८०८.२७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस कैलारी गाँउपालिमा ९ वडा, २३३.२७ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७८ को तथ्याङ्क अनुसार ५०,४५७ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण - यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. १,६५,०३२।- असुली भई दाखिला भएको छ।
<table>
<tr><th>कार्यक्रम/ब.उ.शी.नं.</th><th>वापत</th><th>रकम</th><th>मिति</th><th>दाखिला भएको बैङ्क</th></tr>
<tr><td rowspan="2">गाँउपालिका चालु</td><td>प्रशिक्षक भत्ता वढी भुक्तानी भएको</td><td>४५,७१०।</td><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td>न्युन कर कट्टा गरेको</td><td>४,६५०।</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="3">शसर्त चालु</td><td>पाठ्यपुस्तकमा वढी अनुदान भुक्तानी</td><td>३,६७२।</td><td rowspan="3">विभिन्न</td><td rowspan="3">राष्ट्रिय वाणिज्य बैंक लि. हसुलिया, कैलाली</td></tr>
<tr><td>विल भरपाई अपुग भएको</td><td>५,०००।</td></tr>
<tr><td>विद्यालयलाई तलव बढी भुक्तानी भएको</td><td>१,०६,०००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१,६५,०३२।</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्न अनुसार देखिएको छः</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५,०३,९८,०८८।, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,६३,००,०००।, र गरिवसंग विशेश्वर कार्यक्रमको रू. ४,६४,०००। समेत गरी रू.१६,७१,६२,०८८। सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबारको यथार्थ अवस्था दर्शाउनु पर्दछ। देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ५,२४,८१,३१०।९८,</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | यस वर्षको प्राप्ति रु.२५,९६,१२,९६४।७३, यस वर्षको भुक्तानी रु. १९,८६,५५,६३३।४१ र बैङ्क मौज्दात रु.८४,६५,९२२। फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२) | १२,२३,०८,४०५।८३ | ६०,१७,४१,६३७।४० | ६७,६४,७३,२५५।३१ | ४,७५,८६,८८६।।०२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६,९८,२७,०९४।८५ | ८६,१३,५४,६०२।१३ | ८७,५१,२८,८८८।७१ | ५,६०,५२,८०८।२७ |
| **फरक** | **५,२४,८१,३१०।९८** | **२५,९६,१२,९६४।७३** | **१९,८६,५५,६३३।४१** | **८४,६५,९२२।** |

सुत्र प्रणालीमा कार्य सञ्चालन कोष तर्फ रू.५,२४,८१,३१०।९८ अल्या आम्दानी बढी देखिएकोले फरक परेको, C-Gas प्रणालीमा भुक्तानी आदेशवाट खर्च भएको विवरण सुत्रमा नदेखिएकोले यस वर्षको प्राप्तिमा फरक परेको, C-Gas प्रणालीमा भुक्तानी आदेशवाट खर्च भएको विवरण सुत्रमा नदेखिएकोले यस वर्षको भुक्तानीमा फरक परेको, विविध खर्च खातामा रू.४२,२७,५२७।, स्थानिय तह प्रकोप व्यवस्थापन कोष खातामा रू.७,२३,१४९।५६, विविध कोष खातामा रू.३५,१५,२४५। आषाढ मसान्त सम्म आम्दानी भौचर छुट भएको, कल्याण कोष खाता को हिसाव म. ले. प. २७२ मा नदेखाइएको तथा नजोडिएकोले म.ले.प.फा.नं. २७२ र एकीकृत आर्थिक विवरण विच फरक परेको कार्यालयको भनाई छ। सवै कारोवार तोकिए अनुसार वित्तीय विवरणमा समावेश गरी सुत्रमार्फत कारोवार गरी सवै आय व्ययको अवस्था म.ले.प. फा.नं. २७२ मा समावेश गर्ने ब्यवस्था हुनुपर्दछ।

४.३

**बैङ्क हिसाब विवरण**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४,११,६२,८७३।७५ | ८४,५८,७७७।८७ | ३,२७,०४,०९५।८८ |

| | | | |
|---|---|---|---|
| चालु खर्च खाता | ३३,७४,७००। | १,२६,२३,२९१।३४ | ९२,४८,५९१।३४ |
| पुँजीगत खर्च खाता | (३३६४६०१.९०) | १,३९,८३,०९९। | १,७३,४७,७००।९० |
| विविध खर्च खाता | ७०,०००। | ३३,०६,८१४। | ३२,३६,८१४। |
| विपद व्यवस्थापन खाता | ५६,३०५।४० | ८५,५९,०४८।५६ | ८५,०२,७४३।१६ |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी | ६२,८७,६०८।७७ | ६२,८७,६०८।७७ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ५४,१९,२९७।०८ | ५४,१९,२९७।०८ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ४७,२४,४०२।०३ | ४७,२४,४०२।०३ |
| बैङ्क | ४,७५,८६,८८६।०२ | ६,३३,२२,३३८।६५ | १,५७,३५,४५२।६३ |
| **जम्मा** | | | १,५७,३५,४५२।६३ |

आर्थिक वर्षको असार मसान्तभित्र विभिन्न खाता वाट सञ्चित कोष खातामा मौज्दात ट्रान्सफर नभएकोले श्रेस्ता र बैकं मौज्दातमा रू.१,५७,३५,४५२।६३ फरक देखिएको छ।पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यबस्था छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अबस्था छैन । यस सम्वन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छनः

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन,<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस पूर्ण रुपमा लागू गरेको पाइएन,<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br><br>• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br><br>• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाइएन,<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br><br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,<br><br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br><br>• प्रचलित कानुन अनुसार लेखा समिति गठन गरेको पाइएन,<br><br>• प्रदेश लोक सेवा आयोगको परामर्श लिएर कर्मचारीको स्तर बृद्धि गरेको पाइएन,<br><br>• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाइएन,<br><br>• सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,<br><br>• सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाइएन, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाइएन,<br><br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन,<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिबेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन,<br><br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन,<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,<br><br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन,<br><br>• दिगो बिकास योजना (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना भएको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि ,२०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन,<br><br>• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाइएन।<br><br>तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यबस्थापनलाई प्रभाबकारी बनाउनु पर्दछ । | |
| ६ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार | |

मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७८ आषाढ १० मा रु.६३ करोड ५१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८ आषाढ १५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।०४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।कानुनले तोके बमोजिमको समयमा अख्तियारी दिनुपर्दछ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको पूर्ण परिपालनामा ध्यान दिनुपर्दछ।

८ **चैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु. हजारमा)

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चैमासिक खर्च** | | | | **आषाढ महिना** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेस्रो** | **चौथो** | |
| चालु खर्चतर्फ | ४०६०५५। | ८४३१७। | ११७३२७। | २०४४१०। | | १४२६७०। |
| पूँजिगत खर्च तर्फ | २०१०४७। | ९२२८। | ७१३१६। | १२०५०२। | | |
| **जम्मा** | **६०७१०२।** | **९३५४५।** | **१८८६४३।** | **३२४९१२।** | | **१४२६७०।** |
| प्रतिशत | १०० | १५.४२ | ३१.०७ | ५३.५१ | | २३.५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ६० करोड ७१ लाख २ हजार निकासा भएकोमा प्रथम चैमासिकमा रु. ९ करोड ३५ लाख अर्थात १५.४ प्रतिशत, दोश्रो चैमासिकमा रु. १८ करोड ८६ लाख अर्थात ३१.०७ प्रतिशत, तेश्रो चैमासिकमा रु. ३२

<table>
<tr><td></td><td></td><td></td><td>करोड ४९ लाख अर्थात ५३.५१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १४ करोड २६ लाख अर्थात २३.५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>खर्च बिश्लेषण - पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.२,८०,९४,३०९।३४ राजस्व बाँडफाँड र अनुदानबाट रु.६०,३१,१४,७२०।५६ समेत रु.६३,१२,०९,०२९।९ आम्दानी भएकोमा चालु तर्फ रु.४०,६०,५५,३१८।२६ र पूँजिगत तर्फ रु.२०,१०,४७,२७०।१० समेत रु. ६०,७१,०२,५८८।३६ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ४.६२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.८०,५९,५००। खर्च भएको छ जुन आन्तरिक आय रु.२,८०,९४,३०९।३४ को २८.६८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७ प्रतिशत चालु र ३३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।<br><br>(रु.हजारमा)
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>जम्मा खर्चको तुलनामा खर्च प्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>५८४६३</td><td>४६४४८</td><td>७.६५</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१७९७२९</td><td>१६१९०३</td><td>२६.६९</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३०२४४०</td><td>२७५१६३</td><td>४५.३२</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>२००००</td><td>१५८९०</td><td>२.६१</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>५१५४</td><td>४१२८</td><td>०.६८</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १११७०५ | १०३५६६ | १७.०५ |
| **जम्मा** | | **६७७४९१** | **६०७१०२** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४५.३२ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ०.६८ प्रतिशत रहेको छ। वजेट विनियोजन गर्दा सवै क्षेत्र समेट्ने गरी गर्नु पर्दछ।

११

**योजनाको प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नाअनुसार ९ वडाको लागि वडास्तरका ७१ र पालिकास्तरका १४२ गरी कुल २१३ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५ लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १४२ | १२ | ६१ | ६९ |
| २. | वडास्तरीय | ७१ | ० | १ | ७० |
| | **जम्मा** | **२१३** | **१२** | **६२** | **१३९** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २०९ योजना कार्यान्वयन भई ४ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

<table>
<tr><td>१२</td><td></td><td></td><td>लक्ष्य प्रगति - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा वजेट तथा कार्यक्रम कार्योन्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची – २ वमोजिमको ढाचाँमा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले त्रैमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका योजनाको नियम बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।<br><br>
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>२०६</td><td>२</td><td>०</td><td>०</td><td>२०४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>रकमान्तर - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ। पालिकाको विनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन। यस पालिकामा कार्यपालिकाको निर्णय बमोजिम बिभिन्न शिर्षकमा कुल रू.५९,९५,४५,२१३।४० वजेट विनियोजनमा रू.९,०१,७८,४०१ अर्थात कुल बजेटको १५ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ र सोको लागी गाँउसभाको स्वीकृति लिएको छैन। पालिकाले बिनियोजन ऐनमा ब्यवस्था बिना एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन। यसमा सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ४ वटा नियमावली, २३ कार्यविधि लगायत ५३ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ५३ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ आबश्यक सबै कानुन तयार गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

१५

**सेवा प्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार १६ वटा ऐन, ४ वटा नियमावली र २३ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ८ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १३९८ |
| मृत्युदर्ता | ५७० |
| बसाईसराई दर्ता | २९७ |
| विवाह दर्ता | १०१९ |
| सम्बन्धविच्छेद दर्ता | १७ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।यसमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहको आफ्नो क्षेत्र भित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजिनक सम्पत्तिको लगत तथा मर्मत सम्भारको अभिलेख अध्यावधिक गरेको छैन ।सरकारी तथा सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापनमा कार्यालयको ध्यान जानु पर्दछ। | |
| १७ | | | **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.२,०००। देखि रु.५,०००। सम्म गरी कुल रु.६,१३,५००।आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२,८०,९४,३०९।३४ को २.१८ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ । | |
| १८ | | | **जिन्सी प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गर्नुपर्ने व्यवस्था वमोजिम मिति २०७९।५।३ मा जिन्सी निरीक्षण प्रतिवेदन पेस गरेको पाईयो। उक्त नियमावलीको नियम ९९ को उपनियम ४ अनुसार मर्मत संभार गर्नुपर्ने मालसामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ।तर जिन्सी निरिक्षण प्रतिवेदनले उल्लेख गरेका मर्मत गर्नुपर्ने ७ वटा हाजिर मेशिन, १५ वटा डेस्कटप कम्प्युटर, २० वटा ल्यापटप, २० वटा प्रिन्टर, ७ वटा मोनिटर, ६ वटा मोवाईल लगायत विभिन्न प्रकृतिका २९७ वटा मालसामान उक्त नियमावलीको नियम ९९ अनुसार मर्मत संभार गरी जिन्सी सम्बन्धी व्यवस्थालाई चुस्त र दुरुस्त वनाउनुपर्नेमा सो गरेको देखिएन। जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरु मर्मतको कारवाही अगाडी वढाउनुपर्ने देखिन्छ। | |
| १९ | | | **कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३८ दरबन्दी स्वीकृत रहेकोमा संघबाट समायोजन भई आएका ७८, स्थानीय तहमा कार्यरत २९ र प्रमुख प्रशाकीय अधिकृतसहित १०७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ३ जना अधिकृत पदहरु रिक्त रहेका छन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २० | | | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले २४ जना कर्मचारीहरु करारमा राखि रु१,९७,९७,८०३। खर्च लेखेको छ। संगठन तथा व्यवस्थापन सर्भेक्षण गरि कर्मचारि व्यवस्थापन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |

<table>
<tr><td>२१</td><td></td><td></td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १७ र यो बर्ष थप भएको ६८ गरी कुल ८५ विवाद दर्ता भएकोमा ३६ वटा मात्र फस्यौंट भई ४९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>विविध तथा सभा संञ्चालन खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रु.२३,२९,७४७। र सो बाहेक पालिकाको सभा संञ्चालनका लागि रु.९,८०,४२३।समेत कुल रु.३३,१०,१७०।खर्च गरेको छ । उक्त खर्च पालिकाको आन्तरिक आय रु.२८०९४,३०९।३४ को ११.७८ प्रतिशत हुन आउछ । विविध खर्च नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कोभिड खर्च - कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७९ असार मसान्त सम्म प्राप्त रकम र खर्च सम्बन्धी विवरण
<table>
<tr><th>आम्दानीको श्रोत</th><th>रकम रु</th><th>खर्च शिर्षक</th><th>खर्च रु</th></tr>
<tr><td>गत बर्षको मौज्दात</td><td>०</td><td>राहत वितरण</td><td>०</td></tr>
<tr><td>संघीय संचित कोषबाट</td><td>०</td><td>अस्थाइ कोभिड अस्पतालको मर्मत सम्भार</td><td>२०९५०२।</td></tr>
<tr><td>प्रदेश संचित कोषबाट</td><td>०</td><td>कोभिड १९ रोकथाम तथा नियन्त्रण कार्यक्रम contact tracing मा खटिएका व्यक्तिको जोखिम भत्ता तथा खाना खाजा</td><td>१४६०५४।</td></tr>
<tr><td>स्थानीय तहको बजेट विनियोजन</td><td>३७१४४६।</td><td>कोभिड अस्पतालमा खाना मेस संचालनको लागि आवश्यक सामग्री खरिद</td><td>५८९०।</td></tr>
<tr><td>संघीय कोभिड कोषबाट</td><td>२२६०००।</td><td>कोभिड १९ भयाक्सिन कार्यक्रम र AEFI management अनुगमन</td><td>२२६०००।</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | प्रदेश कोभिड कोषबाट | ० | स्वास्थ्य पूर्वाधार निर्माण | ० | |

| प्रदेश कोभिड कोषबाट | ० | स्वास्थ्य पूर्वाधार निर्माण | ० |
|---|---|---|---|
| अन्य श्रोतबाट | ० | अक्सिजन कन्सन्टेटर ढुवानी | १००००। |
| | | बाँकि | ० |
| **जम्मा** | ५९७४४६। | **जम्मा** | ५९७४४६। |

२४

**पेश्की फस्यौंट** - विभिन्न व्यक्तिहरुलाई दिईएको असार मसान्तसम्म फस्यौंट हुन बाँकी निम्नाअनुसारको पेश्की रकम मिति २०७९।८।१९ गते अन्तिम लेखापरिक्षण गर्ने सिलसिलामा श्रेस्ता परिक्षण गरी हटाईएको छ। अन्य बाँकी पेश्की नियमानुसार फस्यौंट हुनुपर्दछ ।

| **क्र.सं.** | **पेश्की लिनेको नाम** | **फस्यौंट मिति** | **गो.भौ.न.** | **फस्यौंट रकम** |
|---|---|---|---|---|
| १. | जन स्वा नि बल बहादुर धानुक | २०७९।४।०५ | २ | २,५०,०००। |
| २. | सहायक पाचौ सोम प्रसाद चौधरी | २०७९।४।८ | ६ | १,००,०००। |
| ३ | सहायक चौथो लाहुराम चौधरी | २०७९।४।९ | ७ | ३,६०,०००। |
| ४ | वडा सचिव मन्जु अधिकारी | २०७९।४।९ | ८ | ११,५२,५००। |
| ५ | वडा सचिव श्रीप्रसाद चौधरी | २०७९।४।१० | ९ | १३,२०,२००। |
| ६ | विष्णु प्रसाद चौधरी | २०७९।४।१५ | १० | १,००,०००। |
| ७ | सहायक पाचौ सन्तो कुमार चौधरी | २०७९।४।१५ | ११ | ५,००,०००। |
| ८ | वडा सचिव अनन्तराम कडेल | २०७९।४।१५ | १२ | ७,०८,७८०। |

| | | | | |
|---|---|---|---|---|
| ९ | सव इ गोविन्दा रोकाया | २०७९।४।१७ | १४ | ५,००,०००। |
| १० | असिसटेन्ट सव ईन्जिनियरहिमाल कुश्मी | २०७९।८।१२ | ३ | २,१७,०००। |
| **जम्मा** | | | | **५२,०८,४८०।** |

२५

**पेश्की व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद-५ मा पेश्की दिने र फस्यौंट गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ ।यसका अतिरिक्त निर्माण व्यबसायीलाई मोबिलाइजेसन प्रयोजनका लागि दिएको पेश्की उक्त नियमावली र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) बमोजिम असुल फस्यौंट हुनुपर्दछ।

| सि.नं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| १. | सडकपुर लोहरपुर सडक आयोजना | राजेन्द्र सनराइज जे भी | ४२०००००। | ० | ४२०००००। |
| २. | १५ सैया अस्पतालको भवन निर्माण | रोयल कन्सट्रक्सन | १६३०००००। | ० | १६३०००००। |
| **जम्मा** | | | **२,०५,००,०००।** | **०** | **२,०५,००,०००।** |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| २६ | | | **सामुदायिक वनलाई काँडेतार वितरण** - सामुदायिक वनको क्षति न्युनिकरणका लागि रू.१० लाख वरावरको काँडेतार उपलब्ध गराउने गाँउ कार्यपालिकाले निर्णय गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख अनुसार सामुदायिक वनले वनपैदावार विक्रिवापत प्राप्त भएको १० प्रतिशत पालिकामा वुझाउनुपर्ने व्यवस्था छ। सामुदायिक वनले वुझाउनुपर्ने रकम नवुझाएको तर उल्टै पालिकावाट काडेतारका लागि रकम भुक्तानी हुनु नियम सम्वद्ध देखिएन। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ। | |
| २७ | | | **कोठा भाडा बाहेकको आय ठेक्का** | |
| २७.१ | | | पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले कोठा भाडामा दिने बाहेक अन्य आय आर्जन प्रयोजनका लागि निम्न अनुसार ठेक्का लगाई निम्न अनुसारको रकम अशुल गर्न बाँकी रहेको विवरण पालिकावाट प्राप्त भएको छ। | |

| सि.नं. | व्यवसायीको नाम | तालको नाम | सम्झौता लागु मिति | सम्झौता अवधि | कुल कबोल अंक | ०७८/०७९ सम्ममा बुझाएको रकम | ०७८/०७९ सम्मको बुझाउन बाँकी रकम | गत वर्ष कायम बेरुजु रु. | असुल गर्न बाँकी जम्मा रकम रु. | असुल गर्नु पर्ने मु.अ. कर | कुल असुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **1** | **2** | **3** | **4** | **5** | **6=(5*13/100)** | **5+6** |
| १ | मनोज कुमार महतो | लठठहुवा ताल, कैलारी-१ | 2074-12-18 | 5 | 9,000,000.00 | 5,400,000.00 | 3,600,000.00 | 1,800,000.00 | 1,800,000.00 | 234,000.00 | 2,034,000.00 |
| २ | विश्व प्रकाश पौडेल | भठ्ठी ताल, कैलारी-२ | 2074-12-21 | 5 | 81,000.00 | 16,200.00 | 64,800.00 | 16,200.00 | 16,200.00 | 2,106.00 | 18,306.00 |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | विश्व प्रकाश पौडेल | मसुरिया ताल, कैलारी-६ | 2074-12-21 | 5 | 1,500,000.00 | 300,000.00 | 1,200,000.00 | 300,000.00 | 300,000.00 | 39,000.00 | 339,000.00 | |
| | | | ४ | सूर्य नारायण महतो थारु | परसुवा ताल, कैलारी-७ | 2074-12-19 | 5 | 256,999.00 | 51,400.00 | 205,599.00 | 51,400.00 | 51,399.80 | 6,681.97 | 58,081.77 | |
| | | | ५ | यम चौधरी | कोइलही ताल क, कैलारी-९ | 2074-12-21 | 5 | 1,111,111.00 | 666,666.40 | 444,444.60 | 222,222.00 | 22,222.20 | 2,888.89 | 25,111.09 | |
| | | | ६ | धन बहादुर राना | कोइलही ताल ख, कैलारी-९ | 2074-12-21 | 5 | 615,000.00 | 123,000.00 | 492,000.00 | 123,000.00 | 123,000.00 | 15,990.00 | 138,990.00 | |
| | | | ७ | विश्व प्रकाश पौडेल | कुइलहुवा ताल, कैलारी-९ | 2074-12-21 | 5 | 750,000.00 | 150,000.00 | 600,000.00 | 150,000.00 | 150,000.00 | 19,500.00 | 169,500.00 | |
| | | | ८ | गगन कुमार महतो | पश्चिम रखौनीताल, कैलारी-५ | 2075-02-24 | 5 | 1,830,000.00 | 732,000.00 | 1,098,000.00 | 366,000.00 | 336,000.00 | 43,680.00 | 379,680.00 | |
| | | | ९ | प्रविण कुमार चौधरी | उत्तर रखौनी ता, कैलारी-५ | 2075-02-24 | 5 | 1,521,000.00 | 304,200.00 | 1,216,800.00 | 304,200.00 | 304,200.00 | 39,546.00 | 343,746.00 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | उमेश सिह थारु | रखौनी भगनपुरान ताल, कैलारी-५ | 2075-02-24 | 5 | 1,700,000.00 | 340,000.00 | 1,360,000.00 | 340,000.00 | 340,000.00 | 44,200.00 | 384,200.00 |
| ११ | आनन्द कुमार थापा | दक्षिण रखौनी ताल, कैलारी-५ | 2075-02-28 | 5 | 1,200,101.00 | 240,020.00 | 960,081.00 | 240,020.00 | 240,020.20 | 31,202.63 | 271,222.83 |
| १२ | महाविर चौधरी | सुइटी ताल, पूर्व र पश्चिम, कैलारी-७ | 2075-04-01 | 5 | 150,000.00 | 120,000.00 | 30,000.00 | - | 30,000.00 | 3,900.00 | 33,900.00 |
| १३ | जालुराम चौधरी | सवानिया ताल, कैलारी-७ | 2075-02-24 | 5 | 505,551.00 | 101,110.00 | 404,441.00 | 101,110.00 | 101,110.20 | 13,144.33 | 114,254.53 |
| १४ | भूमिराज बिल्डर्स प्रा.लि. | कमलपोखरी ताल, कैलारी-३ | 2075-04-01 | 12 | 23,033,485.10 | 2,030,000.00 | 21,003,485.10 | 170,000.00 | 1,919,457.09 | 249,529.42 | 2,168,986.51 |
| १५ | कृष्णगिरी | ठूलो कोइलही ताल, कैलारी-९ | 2077/78 | 2 | 5,600,000.00 | - | 5,600,000.00 | 2,800,000.00 | 2,800,000.00 | 364,000.00 | 3,164,000.00 |
| १६ | यम चौधरी | सामरलौतना ताल, कैलारी-९ | 2075-10-01 | 5 | 600,000.00 | 120,000.00 | 480,000.00 | 120,000.00 | 120,000.00 | 15,600.00 | 135,600.00 |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १७ | पतिराम चौधरी | लम्की ताल, कैलारी-७ | 2075-10-01 | 5 | 150,000.00 | 60,000.00 | 90,000.00 | - | 30,000.00 | 3,900.00 | 33,900.00 | |
| | | | १८ | किस्मत चौधरी | खोनपुर राजघाट, कैलारी-३ | 2076/77 श्रावण १ गतेदेखि | 3 | 1,050,000.00 | 200,000.00 | 850,000.00 | 350,000.00 | 350,000.00 | 45,500.00 | 395,500.00 | |
| | | | १९ | दिपेन्द्र कुमार चौधरी | भित्तरिया घाट, कैलारी-४ | 2076/77 श्रावण १ गतेदेखि | 3 | 150,000.00 | 50,000.00 | 100,000.00 | 50,000.00 | 50,000.00 | 6,500.00 | 56,500.00 | |
| | | | २० | गोपी किसन चौधरी | निमुवाबोझी घाट, कैलारी-३ | 2076/77 श्रावण १ गतेदेखि | 3 | 345,000.00 | 70,000.00 | 275,000.00 | 115,000.00 | 115,000.00 | 14,950.00 | 129,950.00 | |
| | | | २१ | छोटेलाल चौधरी | चमरैया मटैया ताल, कैलारी-२ | 2076-03-25 | 5 | 325,000.00 | 65,000.00 | 260,000.00 | 65,000.00 | 65,000.00 | 8,450.00 | 73,450.00 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | राम औतार चौधरी | गुर्गी ताल, कैलारी-२ | 2076-03-15 | 5 | 325,000.00 | 130,000.00 | 195,000.00 | - | 65,000.00 | 8,450.00 | 73,450.00 |
| २३ | छेदुराम चौधरी | गोबरैला घाट, कैलारी-५ | 2076/77 श्रावण १ गतेदेखि | 3 | 150,000.00 | 50,000.00 | 100,000.00 | 50,000.00 | 50,000.00 | 6,500.00 | 56,500.00 |
| २४ | पूर्ण बहादुर पुन मगर | अमलिहुवा ताल, कैलारी-२ | 2076-04-08 | 5 | 475,000.00 | 190,000.00 | 285,000.00 | - | 95,000.00 | 12,350.00 | 107,350.00 |
| २५ | कलेशु राम चौधरी | जमनेहता ताल, कैलारी-१ | 2077-04-01 | 3 | 414,000.00 | 100,000.00 | 314,000.00 | 107,000.00 | 138,000.00 | 17,940.00 | 155,940.00 |
| २६ | चाका केदार निर्माण सेवा, ठक्कर देउवा | कैलारी गापा भित्र नदीनालाह रुबाट बालुवा उत्खनन | 2078-08-14 | 1 | 555,000.00 | 175,000.00 | 380,000.00 | - | 241,250.00 | 31,362.50 | 272,612.50 |
| | **जम्मा** | | | | **53,393,247.10** | **11,784,596.40** | **41,608,650.70** | **7,841,152.00** | **9,852,859.49** | **1,280,871.73** | **11,133,731.22** |

| | | | | |
|---|---|---|---|---|
| २७.२ | | | रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा ११. बमोजिम आर्थिक लाभ वा सार्वजनिक हितको दृष्टिकोणबाट आवश्यक देखिएमा बाहेक कुनै रकमको ठेक्का बन्दोबस्त गर्दा तीन वर्षको अवधिको लागि गरिने उल्लेख भए पनि तालिकामा उल्लेखित १४ वटा बाहेक अन्य आय ठेक्का तीन बर्षभन्दा बढी अबधिका लागि गरेको पाइयो ।तीन बर्षभन्दा बढीको ठेक्का बन्दोबस्त गर्नु पर्ने भए आर्थिक लाभ वा सार्वजनिक हितको दृष्टिकोणबाट आवश्यक भएर गरेको हुनु पर्नेमा सो अनुसार गरेको भन्ने आधार खुलाएको छैन । | |
| २७.३ | | | रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १२. बमोजिम बार्षिक बुझाउनु पर्ने रकम तीन किश्तामा अग्रिम रुपमा बुझाउनु पर्ने, समयमा नबुझाए बार्षिक १० प्रतिशतका दरले सुद लिनु पर्ने व्यबस्था रहेको छ ।तर पालिकाले सो व्यहोरा पालना नहुने गरी ठेक्का बन्दोबस्त गरेका २६ व्यबसायीबाट रु. १,११,३३,७३१।२२ अशुल गर्न बाँकी रहन गएको देखियो । प्रचलित कानुन अनुसार लिन बाँकी रकम अग्रिम रुपमा नै लिने व्यबस्था हुनु पर्दछ । | |
| २७.४ | | | उल्लेखित व्यहोराका आधारमा पालिकाले ठेक्का बन्दोबस्त गरे पनि प्रतिस्पर्धा सीमित हुने गरी ठेक्का बन्दोबस्त गर्नु, जमानत रकम माग नगर्नु, अशुलीका लागि यथोचित प्रयाश नगर्नु, बुझाउनु पर्ने रकम नबुझाए पनि ठेक्का अन्त्य गर्न तिर नलाग्नु तथा ऐन अनुसार तोकेको किस्ता नबुझाएको अबस्थामा समेत ठेक्का सम्झौता नबिकरण समेत गर्दै जानुले उल्लेखित सबै ठेक्कापट्टाका कार्य नियमित र पालिकाकै लाभका लागि गरिएका हुन भनि बिश्वास गर्न आधार देखिदैन । यसमा सुधारका लागि पालिकाको ध्यान जान आबश्यक देखिन्छ । | |
| २७.५ | | | क्र सं २६ उल्लेखित चाका केदार निर्माण सेवा, लाई नदीजन्य पदार्थ उत्खनन गर्न २०७८।७९ मा ठेक्का सम्झौता गरेकोमा उक्त निर्माण सेवाले के कति परीमाण उठाउन पाउने हो सम्झौता परीक्षण गर्दा खुलाएको छैन । त्यस्तै उक्त निर्माण सेवा ले के कति परिमाणमा उठाएको छ कुनै अनुगमन मुल्याँकन हुने गरेको पाइएन । | |
| २७.६ | | | मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ । तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ । यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शीर्षक नं ३३११७ मा दाखिला गर्नु पर्ने थप कानुनी व्यबस्था रहेको छ । माथी तालिकामा उल्लेखित २६ व्यबसायीसँगको सम्झौता अनुसार केही रकम अशुल भएको र केही रकम अशुल हुन बाँकी रहेको देखिन्छ । तर कुनै पनि व्यबसायीको ठेक्का रकममा लाग्ने मु अ कर अशुल गरी दाखिला गरेको नदेखिएकोले सम्झौता अनुसारको रकममा लाग्ने मु अ कर का अतिरिक्त पालिकाबाट प्रमाणित गरिदिएका रसिदबाट थप के कति मु अ कर अशुल गरेका छन यकिन गरी अशुल गरेको मु अ कर समयमा दाखिला नगरे बापत मु अ कर ऐन,२०५२ अनुसार लाग्ने थप दस्तुर, व्याज र जरिवाना अशुल गरेको प्रमाण सहित सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट प्रमाणित पत्रसमेत पेश हुनु पर्ने देखिएको रकमरु.१२,८०,८१७।७३ र किस्ता बापत २६ व्यबसायीबाट अशुल गर्न बाँकी रहेको रु.९८,५२,८५९।४९ मा सुद समेत गणना गरी अशुल गर्नुपर्ने रकम समेत कुल रु. १,११,३३,७३१।१३ अशुल हुनुपर्ने रू. | ११,१३३,७३१.१३ |

| | | | | |
|---|---|---|---|---|
| २८ | | | **कोठा भाडा** | |
| २८.१ | | | कार्यालयबाट प्राप्त विवरण अनुसार कार्यालयले निम्न अनुसारको स्थानका लागि सार्वजनिक बढावढको माध्यमबाट कोठा भाडा लगाएको बिबरण प्राप्त भएको छ । | |

| क्र सं | भाडावालको नाम | कोठा नं | सम्झौता लागु मिति | सम्झौता अन्त्य हुने मिति | दर | आ व २०७८।७९ सम्म बुझाएको रु | बुझाउन बाँकि रु | गत बर्षको बेरुजू रु | असुल गर्न बाँकि रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८=६-७ | ९ | १०=८-९ |
| १ | रोशन चौधरी | गापा हाता भित्र कोठा नं. २ | 2074/07/01 देखि | 2079 अषाढ मसान्त सम्म | मासिक 3000 (1,71,000.00) | 18,000.00 | 153,000.00 | 117,000.00 | 36,000.00 |
| २ | नगेन्द्र चौधरी | गापाहाताभित्र कोठा नं. १ | 2077-06-13 देखि | 2079-06-12 | मासिक 4000 (86400) | 58,000.00 | 28,400.00 | - | 28,400.00 |
| ३ | अनिता चौधरी | गापा हाता भित्र कोठा नं. ३ | 2074/07/01 देखि | 2079 अषाढ मसान्त सम्म | मासिक 3000 (1,71,000.00) | 18,000.00 | 153,000.00 | 117,000.00 | 36,000.00 |
| ४ | सुरेश बहादुर कपडेल | साझा हाता भित्र कोठा नं. १ | 2074/07/01 देखि | 2079 अषाढ मसान्त सम्म | मासिक 3000 (1,71,000.00) | 108,000.00 | 63,000.00 | 63,000.00 | - |
| ५ | निम्म प्रसाद चौधरी | साझा हाता भित्र कोठा नं. २ | 2074/07/01 देखि | 2079 अषाढ | मासिक 3000 (1,71,000.00) | 117,000.00 | 54,000.00 | 18,000.00 | 36,000.00 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मसान्त सम्म | | | | | |
| ६ | लाल्ता प्रसाद चौधरी | साझा हाताभित्र कोठा नं. ३ | 2074/07/01 देखि | 2079 अषाढ मसान्त सम्म | मासिक 3000 (1,71,000.00) | 72,000.00 | 99,000.00 | 13,500.00 | 85,500.00 |
| ७ | शिवराज शर्मा तिमिल्सेना | कृषि उत्पादन संकलन केन्द्र कैलारी-१ | 2077-07-17 देखि | 2079 अषाढ मसान्त सम्म | मासिक 5000 (1,02,333.00) | - | 102,333.00 | - | 102,333.00 |
| जम्मा | | | | | | 391,000.00 | 652,733.00 | 328,500.00 | 324,233.00 |

उक्त भाडा सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

| | | | | |
|---|---|---|---|---|
| २८.२ | | | तालिकामा उल्लेखित व्यक्तिहरुले २०७८।७९ सम्मको रकम रु.३,२४,२३३। अशुल गर्न बाँकी रहेको छ। रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १२. बमोजिम बार्षिक बुझाउनु पर्ने रकम तीन किश्तामा बुझाउनु पर्ने, समयमा नबुझाए बार्षिक १० प्रतिशतका दरले सुद समेत गणना गरी अशुल गर्नुपर्ने रु. ३,२४,२३३।३ र सो रकममा लग्ने घर बहाल कर रु. ३२,४२३।३ समेत रु. ३,५६,६५६।३ अशुल हुनुपर्ने रू. | ३५६,६५६.३ |
| २९ | | | **राजश्व दाखिला -** आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिनसम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला | |

<table>
<tr><td></td><td></td><td></td><td>हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>प्रतिलिपिको आधारमा भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिम प्रतिलिपिको प्रमाणका आधारमा रु.१४,९४,८४९। भुक्तानी गरेकोले सोको सक्कल बील भरपाई पेश हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.न.।मिति</th><th>फर्म</th><th>विल न.</th><th>रकम रु.</th></tr>
<tr><td>१.</td><td>३३९-२०७८।८।२९</td><td>रिभर एडभरटाइजिङ्ग सर्भिसेस प्रा.लि.</td><td>१२१</td><td>२,०५,९४२।</td></tr>
<tr><td>२.</td><td>४६८-२०७८।९।१८</td><td>सुमिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.</td><td>०१५</td><td>४,९६,०७०।</td></tr>
<tr><td>३</td><td>८१९-२०७८।१२।०९</td><td>रुजु पब्लिकेशन प्रा.लि.</td><td>०६८</td><td>६७,२३५।</td></tr>
<tr><td>४</td><td>११०५-२०७९।२।१३</td><td>रिभर एडभरटाइजिङ्ग सर्भिसेस प्रा.लि.</td><td>२००</td><td>२,४०,२६७।</td></tr>
<tr><td>५</td><td>१२७४-२०७९।३।१२</td><td>योङ्ग इन्नोभेसन्स प्रा.लि.</td><td>१७१</td><td>४,८५,३३५।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१४,९४,८४९।</td></tr>
</table></td><td>१,४९४,८४९</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>सवारि साधन भाडा - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सान वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ। कार्यालयको सामान्य कामकाजमा जाँदा पनि गाडी भाडामा लिई प्रयोग गर्ने गरेको एक जना व्यक्ति मात्र कार्यालयको काममा जानु पर्ने अवस्थामा पनि गाडि भाडामा लिई प्रयोग गर्ने गरिएको पाईयो। कार्यालयलबाट हुने प्रायजसो कार्यक्रम, तालिम, गोष्ठी आदिको लागि भाडामा लिने परिपाटि देखिएकोले पालिकाले यस्तो कार्यलाई</td><td></td></tr>
</table>

नियन्त्रण गरी खर्च गर्दा मितव्ययि हुनुपर्ने देखिन्छ। विशेष औचित्य पुर्ण कारण वेगर सहजै कर्मचारी समेतले गाडी भाडामा लिई खर्च भुक्तानी गर्नेलाई जिम्मेवार समेत वनाउनुपर्दछ। यस सम्वन्धमा केही उदाहरणहरुः

| **क्र.सं.** | **गो.भौ.न.र मिति** | **प्रयोजन** | **खर्च रकम रु.** |
|---|---|---|---|
| १ | १२६-२०७८।६।२२ | कार्यालय प्रयोजन | ९८,०००। |
| २ | १२७-२०७८।६।२२ | उपाध्यक्ष श्री लक्ष्मी सत्गौवा थारु को नेतृत्वमा विभिन्न कार्यक्रममा सहभागी हुन। | २८,०००। |
| ३ | १२७-२०७८।६।२२ | उपाध्यक्ष श्री लक्ष्मी सत्गौवा थारु को नेतृत्वमा वाढी पिडितहरुको अनुगमनमा जादा | ४२,०००। |
| ४ | १२७-२०७८।६।२२ | उपाध्यक्ष श्री लक्ष्मी सत्गौवा थारु को नेतृत्वमा योजनाको अनुगमनमा जादा | ३५,०००। |
| ५ | १२८-२०७८।६।२२ | प्रमुख प्रशासनिक अधिकृत द्धारा योजनाको अनुगमन को लागी | ९८,०००। |
| ६ | १२८-२०७८।६।२२ | उपाध्यक्ष श्री लक्ष्मी सत्गौवा थारु को प्रयोजनको लागी | ८४,०००। |
| ७ | १६८-२०७८।७।१४ | उपाध्यक्ष श्री लक्ष्मी सत्गौवा थारु को प्रयोजनको लागी | ५६,०००। |
| ८ | २१९-२०७८।८।६ | उपाध्यक्ष श्री लक्ष्मी सत्गौवा थारु कार्यक्रममा जादा | ७०,०००। |
| ९ | ३८९-२०७८।९।६ | उपाध्यक्ष श्री लक्ष्मी सत्गौवा थारु को कार्यालय प्रयोजनको लागी | १,३३,०००। |
| १० | १२७६-२०७९।३।१३ | कार्यालय प्रयोजन को लागी | ९,००,०००। |
| **जम्मा** | | | **१५,४४,०००।** |

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>मर्मत खर्च - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ अनुसार सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए सो को लिखित जानकारी सो निकायको प्रमुखलाई दिनुपर्ने र सो को जानकारी प्राप्त भएपछि यसै नियमावलीको १३ (५) अनुसार लागत अनुमान तयार गर्न लगाई खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाले गाडी मर्मत गर्दा लागत अनुमान तयार नगरी निम्नाअनुसारको रकम भुक्तानी दिएको देखिन्छ। मर्मत खर्च लेख्दा लागत अनुमान तयार गरी खर्च लेख्नु पर्दछ।
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. र मिति</th><th>आपुर्तिकर्ताको नाम</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१</td><td>१४१-२०७८।०६।२४</td><td>नेपाल अटो ट्रेडर्स</td><td>२,००,०६६।</td></tr>
<tr><td>२</td><td>४६१-२०७८।०९।१८</td><td>नेपाल अटो ट्रेडर्स</td><td>१,८१,९८६।</td></tr>
<tr><td>३</td><td>५९०-२०७८।१०।११</td><td>ए.डि. अर्थमुभर्स एण्ड सर्भिस सेन्टर</td><td>२,४७,५८३।</td></tr>
<tr><td>४</td><td>९६६-२०७८।१२।२९</td><td>नेपाल अटो ट्रेडर्स</td><td>१,४१,१३७।</td></tr>
<tr><td>५</td><td>९७३-२०७८।१२।२९</td><td>अनुषा अटो ट्रेडर्स एण्ड सप्लायर्स</td><td>१,४४,७५३।</td></tr>
<tr><td>६</td><td>१३३२-२०७९।०३।२२</td><td>नेपाल अटो ट्रेडर्स</td><td>२,००,८९०।</td></tr>
<tr><td>७</td><td>१३३२-२०७९।०३।२२</td><td>नेपाल अटो ट्रेडर्स</td><td>१,३८,३४५।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१२,५४,७६०।</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>मु.अ. करमा दर्ता नभएकोसंग खरिद - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले वीस हजार रुपैया भन्दा वढी रकमको खरिद गर्दा आन्तरिक राजश्व कार्यालयवाट मु.अ. कर दर्ता प्रमाणपत्र प्राप्त गरेको फर्म वा संस्थावाट खरिद गर्नुपर्ने</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>व्यवस्था भएकोमा गांउपालिकाले मु.अ.करमा दर्ता नभएको न्यु समिर होटल (६१५६७४७४०) लाई पटक पटक गरी रु.१२,९४,०००। भुक्तानी गरेको पाइयो। पालिकाले खरिद कार्य गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>जरिवाना (विद्युत महशुल) - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गरी छुट लिनुपर्नेमा ढिलो गरि मशहुल भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले तालिकामा उल्लेखित विबरण अनुसार ढिलो गरि विद्युत महशुल भुक्तानी गरेकोले जरिवाना स्वरुप रु. १,१२,९३८। भुक्तानी गरेको छ।उक्त थप दस्तुर भुक्तानी भएको रकम नियम संगत नदेखिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.न./मिति</th><th>विद्युत महशुल रु</th><th>जरिवाना रकम रु</th></tr>
<tr><td>१</td><td>४०-२०७८।६।०४</td><td>२६,९२१।</td><td>६,७२९।</td></tr>
<tr><td>२</td><td>२५०-२०७८।८।१४</td><td>८९,२५१।</td><td>२०,७८३।</td></tr>
<tr><td>३</td><td>३५९-२०७८।९।०२</td><td>६,५१०।</td><td>१,६२७।</td></tr>
<tr><td>४</td><td>९०५-२०७८।१२।२१</td><td>१८,२८५।</td><td>४,५७१।</td></tr>
<tr><td>५</td><td>९१६-२०७८।१२।२२</td><td>३०५,११३।</td><td>७६२७५।</td></tr>
<tr><td>६</td><td>१२१९-२०७९।०३।०५</td><td>११८१२।</td><td>२९५३।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४,५७,८९२।</td><td>१,१२,९३८।</td></tr>
</table></td><td>११२,९३८</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>कर्मचारी कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषमा गत वर्षसम्म रु.२५,१५,२४५। मौज्दात रहेकोमा पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु १०,००,०००। ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिएन। यस्तो भुक्तानी नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| ३६ | | | **प्रेस सल्लाहकार** - सुदुर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले प्रेस सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिकाले रु. १६,०००। मासिक तलब भत्ता भुक्तानी हुने गरी श्री अविनाश चौधरीलाई नियुक्त गरी वर्षभरिमा रु २,१८,०००। भुक्तानी भएकोले अनियमित देखिएको रु. | २१८,००० |
| ३७ | | | **महङ्गी भत्ता** - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२१ को परिपत्र अनुसार सवै निकायहरुमा एकरुपता कायम हुनेगरी स्वीकृत दरवन्दी भित्रका करारका कर्मचारीहरुलाई महङ्गी भत्ता दिने भन्ने व्यवस्था नरहेकोमा यस कैलारी गाँउपालिका मा करारमा कार्यरत सामाजिक विकास अधिकृत श्री यगम कलेललाई मासिक रु. २,०००। का दरले वर्षभरिमा जम्मा मंहङ्गी भत्ता वापत रु.२४,०००। भुत्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रु. | २४,००० |
| ३८ | | | **करारका कर्मचारीलाई ग्रेड भुक्तानी** - स्थानीय विकास कोष (स्थापना र संचालन), विनियमावली, २०५८ (कैलाली) को १४ नं. मा कोषका कर्मचारीको सेवा सुविधा जिल्ला विकास समितिका कर्मचारीको सरह हुने उल्लेख छ। जिल्ला विकास समितिका कर्मचारीको सेवा सुविधा सम्बन्धमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७ को उपनियम (१) अनुसार स्थानीय निकायका कर्मचारीको पारिश्रमिक, भत्ता तथा अन्य कुनै सुविधा निर्धारण गर्दा नेपाल सरकारका निजामती कर्मचारीले पाउने तलव, भत्ता तथा सुविधाहरुलाई आधारमानी आफ्नो आम्दानी तथा खर्चको सिमा भित्र रहि निर्धारण गर्नुपर्ने व्यवस्था छ। निजामती सेवा ऐन, २०४९ को दफा २७ उपदफा (३) अनुसार प्रत्येक निजामती कर्मचारीले एक वर्षको सेवा पुरा गरे पछि तोकिए वमोजिमको रकम वृद्धि (ग्रेड) पाउने उल्लेख छ। साविकको स्थानीय विकास कोष (जिल्ला विकास समिति कैलाली) मा कार्यरत करार सेवाका कर्मचारी सामाजिक विकास अधिकृत श्री यगम कलेललाई कार्यालयले निर्णय गरी मिल्दो तहमा समायोजन गरी करार सेवामा समायोजन गरेको तथा निजलाई तलव वृद्धि (ग्रेड) समेत समावेश गरी रु.२२,८०६। ग्रेड भुक्तानी गरेकोले कार्यालयलाई थप व्ययभार परेको देखियो। अस्थाई तथा करारका कर्मचारीलाई तलव वृद्धि (ग्रेड) दिन मिल्ने स्पष्ट आधार नभएकोले यथार्थता एकिन गरी प्रमाण पेश हुनुपर्ने रु. | २२,८०६ |
| ३९ | | | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून नबनाई यो बर्ष | |

कार्यपालिकाको निर्णय अनुसार अतिरित्त समय काम गरे वापत १८ जनालाई रु.१०,०००। का दरले जम्मा रु.१,८०,०००। प्रोत्साहन भत्ता खर्च लेखेको छ। प्रोत्साहन भत्ता उपलब्ध गराउदा पालिकाको आन्तरिक आय समेतलाई ख्याल गरी उपलब्ध गराउने तर्फ ध्यान दिनु पर्दछ।

४० **स्थानीय तहका पदाधिकारी सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.८०,५९,५००। सुविधा वापत भुक्तानी भएको छ।उक्त खर्च पालिकाको आन्तरिक आय रु.२,८०,९४,३०९।३४ को २८.६८ प्रतिशत रहेको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३२ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | २१६००० | १४४००० | ० | ४०८००० |
| २ | यातायात खर्च | ० | ० | ० | ० | ० | ० |
| ३ | टेलिफोन,मोबाइल | ७२००० | ६०००० | ३७८००० | २१६००० | ७६८००० | १४९४००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ६०००० | ५४००० | ४३२००० | २१६००० | ७६८००० | १५३०००० |
| ५ | समन्वय तथा सहजीकरण | १०८००० | ८४००० | ६४८००० | ३६०००० | ११५२००० | २३५२००० |
| ६ | अतिथि सत्कार | १२०००० | १०८००० | ७५६००० | ० | ० | ९८४००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४२००० | ३६००० | २१६००० | १४४००० | ३८४००० | ८२२००० |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | १४४००० | ५४००० | २२४००० | ४६९५०० |
| | **जम्मा** | **४५१०००** | **३८८५००** | **२७९००००** | **११३४०००** | **३२९६०००** | **८०५९५००** |

४१ **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस गाँउपालिका अन्तर्गत रहेका ४८ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार केही विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| क्र सं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | रामजानकी आ.वि,कैलारी | ३ | ३ | २६ | १:९ |
| २ | जनकल्याण आ.वि,खरेटी कैलारी | ४ | ४ | ४० | १:१० |
| ३ | राष्ट्रिय मा.वि,कैलारी | २४ | २४ | ९०७ | १:३८ |
| ४ | जनकल्याण मा.वि,के गाँउ कैलारी | ९ | ९ | ४४६ | १:५० |

यस पालिकामा रहेका विद्यालयहरु मध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:९ देखि १:५० सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अत: भौगोलिक दुरी टाढा भएमा वालविकाश केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

४२ **पकेट कार्यक्रम -** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल,२०७७ को बुँदा नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्यूनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादनमुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने लगायतको व्यवस्था छ । पकेट कार्यक्रममा प्राप्त रकम र यस्तै किसिमका कार्यक्रम पालिकाले विनियोजन गरेको रकम देहायमोजिमका कृषक र कृषी सहकारी समुहहरुलाई भुक्तानी गरेको छ । खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन । जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भए/नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने/नहुने एकिन हुन सकिएन। अत कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क.स | गो भौ नं र मिति | पकेट कार्यक्रमको नाम | भुक्तानी पाउने कृषक समुहको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १४७/२०७८/११/२२ | ब्राखा पकेट | बनदेवी ब्राखा पकेट समिति | २,५०,०००। |
| २ | ३४५/२०७९/३/२४ | माछा पकेट | प्रगती माछा समुह | ७,४९,८००। |
| ३ | ७४/२०७८/९/५ | विद्युतिय स्पेय टंकी वितरण | वडा नं ३ का कृषक समुहलाई | २,००,०००। |
| ४ | १०४/२०७९/९/२२ | काडेतार र औषधी खरिद वितरण | कर्षितर्फ साना व्यवसाही कृषक र ब्राखाको साना व्यवसाही कृषक | ४,००,०००। |
| ५ | २५१/२०७९/३/१० | मकै पकेट कार्यक्रम | मकैबाली पकेट प्रगती कृषक समुह | २,००,०००। |
| **जम्मा** | | | | १७,९९,८००। |

४३ **विद्यालयको अनुगमन नियमन -** स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याकंन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य, शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनु पर्दछ ।

४४ **औषधी खरिद—** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर उक्त प्रक्रियावेगर पटक पटक गरी रु.६५,७३,४४४।५५ को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

· खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

· आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको,

· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

· औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको,

· म्याद समाप्त भएका औषधीहरु समयमै डिस्पोज नगरेको

· पालिकाले खरिद गरेका र अन्य निकायबाट प्राप्त औषधीहरु मातहतका स्वास्थ्य इकाईहरुमा पठाउने गरेकोमा औषधिको खपत गरिसक्नुपर्ने अवधीमा उपभोग भए भएनन त्यसको अनुगमन मूल्यांकन नगरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४५ **शिक्षक दरवन्दी र पदपुर्ति-** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५९ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ। शिक्षक बिद्यार्थि अनुपात नमिलेका विद्यालयको अनुपात मिलानका लागि पालिकाको ध्यान जानुपर्दछ ।

| सि.नं | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ४८ | २८४ | २८१ | १ | ६८७० | १:२४ |

४६ **विद्यालयको लेखापरीक्षण -** पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। गो.भौ.न. १७१ मिति २०७८।१२।१५ मा पालिकाले विद्यालयको आ.व. २०७८।०७९ को लेखापरीक्षण खर्च वापत ४८ विद्यालयलाई रु.४,८५,००० निकासा दिएको छ । आ.व २०७८।०७९ को लेखापरीक्षणको क्रममा १३ वटा विद्यालयले मात्र लेखापरीक्षण गरी प्रतिवेदन पालिकामा वुझाएको देखिन्छ। ३५ वटा विद्यालयले लेखापरीक्षण प्रतिवेदन वुझाउन बाँकी रहेको देखिन्छ। लेखापरीक्षणबाट कायम भएको व्यहोरा उपर पालिका र विद्यालयले आवश्यक कारवाही गर्ने गरेको पाईएन । अत : पालिकाले समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गराई देखिएका व्यहोरा उपर आवश्यक कारवाही गरी सुधार गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ४७ | | | **दिवा खजा -** | |
| ४७.१ | | | आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७८।०६।३१मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकेको छ । त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।पालिकाले शसर्त अनुदानबाट कुल ४८ विद्यालयका लागि दिवा खाजा बापत रु. अठ्चालिस लाख विद्यालयको खातामा रकम निकासा गर्ने गरेको पाइयो। यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै निकायबाट अनुगमन हुने गरेको देखिएन । सो अनुसार नगर्दा उपलब्ध गराएको लगानीको सही सदुपयोग भएको छ छैन एकिन हुन सकेन ।उपलब्ध गराएको रकमको खर्च सम्बन्धमा अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नु पर्दछ । | |
| ४७.२ | | | आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजा वापतको रकम अनुदानका लागि स्थानीय तहले दिवा खाजा उपलब्ध गराईएका विद्यालयहरुको विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र वि.व्य.स अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने र तेस्रो चौमासिक निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिक निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चता गर्ने उल्लेख छ ।पालिकाले विद्यालयका प्रधानाध्यापक र वि.व्य.स अध्यक्षबाट प्रमाणित गराएको विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी संकलन नगरी र विद्यार्थी संख्या एकिन नगरी विद्यालयको खातामा रकम निकासा गरेको पाईयो ।पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यावन्यमा जोड दिई विद्यार्थी संख्या एकिन गरी अनुदान सदुपयोगको सुनिश्चत हुनुपर्दछ । | |
| ४८ | | | **आमा सुरक्षा कार्यक्रम -** | |
| ४८.१ | | | संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ ।उक्त मार्गदर्शनको क्रियाकलाप नं ७ को ३ मा सि.नं.२.१ अनुसार स्थायी अनमी कार्यरत वर्थिङ सेन्टरमा महिनामा प्रति अनमी औसत ५ वा सो भन्दा कम प्रसुति भएको खण्डमा त्यस्ता वर्थिङ्ग सेन्टरमा करारको अ.न.मी. खटाउन नपाउने व्यवस्था छ । बसौटी स्वास्थ्य चौकिमा मा बार्षिक(३०)जना, रतनपुर स्वास्थ्य चौकीमा (४८) जना, प्रवेश स्वास्थ्य चौकीमा (३५) जना र गदरिया स्वास्थ्य चौकीमा (४४) जना अर्थात वार्षिक ६० भन्दा कम ( मासिक औषत ५ भन्दा कम ) प्रसुति हुने गरेको तथ्याङ्क रहेको छ । पालिकाले उल्लेखित संस्थामा | |

| | | | | |
|---|---|---|---|---|
| | | | समेत अनमी करारमा खटाइ तलब भुक्तानी गरेको पाईएकोले यस्तो कार्यमा सुधार गरी मार्गदर्शनले तोकेको प्रक्रियाका आधारमा वर्थिङ्ग सेन्टरमा करार अ.न.मी. खटाउने कार्य गर्नुपर्दछ । | |
| ४८.२ | | | स्थानिय तहको कार्यक्रम संचालन मार्गदर्शन ,२०७८ मा २४ सै घण्टा प्रसुती सेवा संचालन गर्न स्थायी जनशक्तिको कमी भएको स्वास्थ्य संस्थामा जनशक्ती व्यवस्थापन गर्न करार अ. न .मि को नियुक्ती नेपाल सरकारले तोकेको सहायक चौथो तहको दर अनुसार प्रति अ नि मि प्रति महिना रु.२६,६१०। का दरले हुने गरी विनियोजन गरेको छ । स्थानीय तहमा अ .न. मि करार नियुक्तिको लागि प्राप्त जम्मा बजेटलाई तोकिएको तलब दरले भाग गर्दा आउने संख्या अनुसार कर्मचारी भर्ना गर्नुपर्ने उल्लेख छ । यस पालिकाले रु.१७,०००। का दरले ७ जना अ न मि लाई वर्षभरीमा रु.१३,२६,०००।तलब भुक्तानी गरेको छ । निर्देशिकाले तोकेबमोजिम सो कार्यक्रममा अ न मि भर्ना का लागि प्राप्त भएको बजेट रु.९,५८,०००।खर्च हुने गरी करारमा भर्ना गर्नु पर्नेमा निर्देशिका विपरित थप व्यभार पर्ने गरी अ .न. मि भर्ना गरी नपुग रकम अन्य शिर्षकबाट खर्च लेखेकोले नियमित देखिएन रु. | ३६८,००० |
| ४९ | | | **मुल्य अभिवृद्धि कर -** सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ सस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपुर्ति हुने वस्तु सेवा वा दुवै आपुर्ति गरी सो बापतको रकम सम्बन्धित व्यबसायी वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले नविकरणिय उर्जा प्रविधि जडान कार्यक्रम अन्तरगत देहायबमोजिकका सप्लायर्सलाई रकम भुक्तानि गर्दा नियम अनुसार कट्टि गर्नु पर्ने मुल्य अभिवृद्धि कर वापतको रकम कट्टि गरी दाखिला गरेको पाईएन ।उक्त रकमको मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पत्र पेश गर्नु पर्ने अन्यथा सम्वन्धित सप्लायर्सबाट असुल उपर गर्नु पर्ने रु. | ३४,२३६ |

| क स | गो .भौ .नं र मिति | सप्लायर्सको नाम | भुक्तानी रकम | मु. अ कर रकम |
|---|---|---|---|---|
| १ | ६६/२०७९/०२/१० | श्री काठमाण्डु इनर्जि ग्रुप प्रा.ली | ४,९६,०४४। | १५,२९७। |
| २ | ७५/२०७९/०२/१९ | सिटिजन ईनर्जि | ४,९९,३३५। | १८,९३९। |
| जम्मा | | | | 34,236। |

| | | | | |
|---|---|---|---|---|
| ५० | | | **स्यानिटरी प्याड-** सार्वजनिक खरिद नियमावली २०६४ को ११५(१)मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यकालागि देहायबमोजिमका सप्लायर्सबाट खरिद गरी पालिकाभरिका विद्यालयलाई वितरण गरेको देखियो । स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>गरेका प्याडहरु तोकिएबमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, वितरण गर्ने बिद्यालयले नाम नामेशी सहितकोअभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाएनुपर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । त्यस्तै एकै प्रयोजनकालागि बिभिन्न पालिकाले खरिदगरेको स्यानीटरी प्याडको मुल्यमा स्पष्ट कारण बेगर मुल्यमा ठुलो अन्तरदेखिएको तथा निर्देशिका बमोजिम तोकेको प्रकृया पुरा भएको नदेखिनु मनासिब देखिएन । यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>गौ भौ नं र मिति</th><th>सप्लायर्सको नाम</th><th>संख्या</th><th>दर रु.</th><th>मु अ कर सहित रु.</th></tr>
<tr><td>१</td><td>१२३/२०७८/१०/१०</td><td>एल.वि टेड्रस एण्ड सप्लायर्स</td><td>१०३००</td><td>४२।</td><td>४,९९,५४५।</td></tr>
<tr><td>२</td><td>३३५/२०७९/०३/२३</td><td>सविना मार्केटिङ्ग</td><td>१६७५०</td><td>४२।०४</td><td>७,९५,७१२।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>२७०५०</td><td></td><td>१२,९५,२५७।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>५१</td>
<td>१३९</td>
<td>२०७८-११-११</td>
<td>लघु उद्यम - गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका ,२०७७ को परिच्छेद - ६ (४१) मा उद्यमिलाई उद्यमको प्रकृती आवश्यकता र उद्यमबाट सिर्जना हुने रोजगारका आधारमा प्रविधि उपलब्ध गराईने छ ।उपलब्ध गराईने प्रविधिको कुल लागतको कम्तिमा बिस प्रतिसत रकम उद्यमी स्वयंले व्यहोर्नु पर्ने उल्लेख छ ।यस पालिकाले गरिवि निवारणकालागि लघु उद्यम कार्यक्रम बाट रु.१,४१,८३२। खर्च गरी सिलाई मेसिन र इन्टरलग मेसिन केदारनाथ हार्डवयर एण्ड सप्लायर्सबाट खरिद गरी उद्यमीलाई वितरण गरेको छ । निर्देशिकाले व्यवस्था गरे बमोजिम कुल लागतको कम्तिमा २० प्रतिसत अथवा रु.१,७०,१९९ को ८० प्रतिसत रु. १,३६,१५९। कार्यालयले व्यहोरी बाँकी रकम रु.३४,०४०।उद्यमीले व्यहोर्नुपर्नेमा कार्यालयले निर्देशिकाले व्यवस्था गरेभन्दा रु.५,६७३।बढी भुक्तानी गर्नु नियमसंगत देखिएन ।निर्देशिकाबमोजमका कार्यलाई कार्यान्वयनमा ल्याई यस्ता कार्यक्रमले लिएको लक्ष्य हासिल गर्न तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>५२</td>
<td></td>
<td></td>
<td>प्रमाण नभएको - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले दिपेन्द्र मा.वि हसुलियाको खातामा रु६,३९,४००। निकासा गर्दा खर्च भएको पुष्टी हुने बिल भरपाई संलग्न गरेको पाईएन ।विद्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा तोकिएको कार्यक्रम बमोजिम प्राप्त गरेको अनुदान रकम खर्च भएको पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने रु</td>
<td>६३९,४००</td>
</tr>
<tr>
<td>५३</td>
<td></td>
<td></td>
<td>तलवी प्रतिवेदन- निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ५६ जना कर्मचारीको वर्ष भरिमा रु. ३,१८,१३,२५९। खर्च लेखेको छ ।तलबी</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| ५४ | १० २ | २०७ ९-३- २५ | **विद्यालय भौतिक पूर्वाधार निर्माण -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि राष्टिय माध्यमिक विद्यालय विचैपुरलाई रु.३६,००,०००। निकासा भएकोमा रु.२१,४३,८४४।को मात्र कार्यसम्पन्न र नापि किताव पेश गरेकोले कार्यसम्पन्न हुन बाँकी रु.१४,५६,१५६। को निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु. | १,४५६,१५६ |
| ५५ | | | **नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यविधी २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा बाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष १८२ जना लाभग्राहीलाई प्रथम किस्तावापत रु३०,०००। का दरले सुरक्षीत नागरिक आवास अनुदान रकम वापत जम्मा रु.५४,६०,०००। उपलव्ध गराएकोमा अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्यांकन गरी आवास निर्माण कार्य सम्मन्न गर्नेतर्फ ध्यान दिई कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्ने रु. | ५,४६०,००० |
| ५६ | | | **विद्यालय अनुदान —** कार्यक्रम कार्यन्वयन पुस्तिका २०७८/७९ अनुसार विद्यालयलाई दिने अनुदान एकिन विद्यार्थि संख्याका आधारमा दिई पालिकाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट विद्यालयको खातामा निकासा भएको देहिबमोजिमको अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरेको नपाईएकोले अनुदानको उपयोग सम्वन्धमा विश्वस्त हुने अवस्था नरहेको हुँदा यसमा पालिकाले ध्यान दिनु पर्दछ ।<br><br>क्र.स. \| गो भौ नं र मिति \| विद्यालयको नाम \| कार्यक्रमको नाम \| रकम<br>१ \| १००/२०७९/०३/२५ \| दिपेन्द्र मा.वि हसुलिया \| राष्टपति शैक्षिक सुधार कार्यक्रम \| ६,३९,०००। | |

| क्र.स. | गो भौ नं र मिति | विद्यालयको नाम | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|
| १ | १००/२०७९/०३/२५ | दिपेन्द्र मा.वि हसुलिया | राष्टपति शैक्षिक सुधार कार्यक्रम | ६,३९,०००। |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>१००/२०७९/०३/२५</td><td>जनता मा .वि गदरिया</td><td>राष्टपति शैक्षिक सुधार कार्यक्रम</td><td>६,३९,०००।</td></tr>
<tr><td>३</td><td>९८/२०७९/०३/२४</td><td>राष्ट्रिय माध्यमिक विद्यालय विचैपुर</td><td>ल्याव व्यवस्थापन</td><td>१,७७,५००।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३०,५३,०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>शिक्षकको तलब भत्ता निकासा -शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:<br><br>• विद्यालयले बुझाएको माग फारम व्यस्थित र चेकजाँच गरी राख्ने गरेको पाईएन ।<br>• एकिन हुने गरी पालिकाले शिक्षकहरुको तलवी पेरोल राखेको पाईएन ।<br>• शिक्षकको तलव भत्ता सम्वन्धी छुट्टै विद्यालयगत निकासा खाता राखेको छैन ।<br>उल्लेखित व्यहोरामा सुधार गरी घटी/वढी निकासा हुन नदिने व्यबस्था गरी त्यसको ब्यबस्थित अभिलेख राख्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>सोझै खरिद —सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले ल्याव व्यवस्थापन वापतको रु.१७,७५,०००। राष्ट्रिय माध्यमिक विद्यालयको खातामा निकासा गरेकोमा उक्त विद्यालयले एसी साईन्टिफिक ट्रेडबाट रु.१६,९८,९९९।को ल्याव सम्वन्धि सामान यो आ.व मा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अपनाइएको पाईएन ।यस्ता कार्य गर्दा विद्यालयले सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरे बमोजिमका खरिद विधि पालना गरे नगरेको सम्बन्धमा पालिकावाट अनुगमन मुल्याङ्कन गरी खरिद कार्यलाई प्रतिस्प्रर्धि र मितब्ययी वनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>न्यानो झोला -स्थानिय तहको कार्यक्रम संचालन मार्गदर्शन,२०७८ ले न्यानो झोला आपुर्ति भै सकेपछी स्पेसिफिकेसन अनुसार गुणस्तर भए नभएको एकीन गरी गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्ने उल्लेख छ । यस पालिकाले मातृ तथा नवशिसु कार्ययक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रमबाट देहायबमोजिमका न्यानो झोला खरिद गरेको पाईयो ।पालिकाले खरिद गरेका न्यानो झोला स्पेशिफिकेशन र गुणस्तर बमोजिमका थिए थिएनन खुल्ने प्रमाण नरहेकोले खरिद गरिएका न्यानो</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | झोला गुणस्तर सम्वन्धमा सुनिश्चित हुने आधार रहेन । साथै न्यानो झोला बितरण गरी उपयोग गरेको सुनुश्चित हुने प्रमाण कागजात समेत रहेका पाइएन । यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।<br><br>क.स. \| गो भौ नं र मिति \| संख्या \| दर \| रकम मू.अ कर सहित<br>१ \| ८६/२०७८/०९/१३ \| ५५६। \| ७९४।६९ \| ४,९९,२८८।<br>२ \| ३५६/२०७९/०३/२४ \| ३३५। \| ७९२। \| २,९९,८११।<br>जम्मा \| \| \| \| ७,९९,०९९। | |
| ६० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम —** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन ।<br><br>• पालिकाले अत्याधिक संख्यामा योजना छनौट गरेको पाईयो ।<br>• सूचिमा समावेश भएका श्रमिकलाई प्रथमिकिकरण गरेको छैन ।<br>• रोजगार कार्यक्रमको लागि प्राप्त भएको पुरै बजेट खर्च गर्न नसकेको हुँदा न्युन रोजगारी सिर्जना भएको छ ।<br>• १०० दिनको रोजगारी सिर्जना गर्ने उद्देश्य रहेकोमा सो हुन नसकी केही श्रमिकले ४० दिन सम्मको मात्र रोजगारी प्राप्त गरेको पाईयो ।<br>• श्रमिकले एक दिनको पारिश्रमिक वापत न्युन दररेट -रु.५७७। _मात्र प्राप्त गर्ने भएको हुँदा कार्य गर्न ईच्छुक नरहेको गुनासो रहेको ।<br>• पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएको। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक निर्माण, ड्याम निर्माण, माटो पटानी, नदीमा जैविक तटवन्द र बाटो चौडाई लगायतका १४ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष २२५ जनालाई रोजगारी उपलव्ध गराई रु.१,२८,३९,५०३।खर्च गरेको छ । लक्षित वर्गलाई ४० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गरेको पाईयो । यसरी गरेको खर्चवाट लक्षित वर्गमा अल्पकालीन | |

| | | | | |
|---|---|---|---|---|
| | | | रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।यस तर्फ सरोकारवाला सवैको ध्यान जानु पर्ने देखिन्छ । | |
| ६१ | १४४ | २०७८-११-१८ | **उदघाटन -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को ३९-११_ मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद ,जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।पालिकाले स्वास्थ्य कर्मचारीको तलव भत्ता र प्रशासनिक खर्च शिर्षकबाट उदासिपुर प्राथमिक स्वास्थ्य केन्द्र उदघाटन कार्यक्रममा १३० जना उपस्थिति भएकोमा ४०० वटा मासु भुजा सेट र ३०० वटा मिठाई वक्स वितरण गरेको देखाएको छ । उपस्थिती संख्या भन्दा वढी २७० वटा मासु भुजा सेट रु.१२० का दरले र १७० वटा मिठाई वक्स रु.६५। का दरले वितरण गरेको छ। यस्तो भुक्तानी नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ६२ | | | **कार्यसम्पादन प्रतिवेदन-** कैलारी गाँउ कार्यपालिकाको कार्यालयले विभिन्न सप्लायर्ससँग सम्झौता गरी कार्य सम्पादन गर्न लगाउदा सम्झौतामा अन्तिम भुक्तानी दिँदा खर्च भएको सम्पुर्ण रकमको विल भरपाई सहित कार्यसम्पादन प्रतिवेदन पेश गर्नु पर्ने , कार्य भएको प्रष्ट देखिने फोटो संलग्न राखु पर्ने र सार्वजनिक सुनुवाई गरेको हुनुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजमका सप्लायर्सलाई भुक्तानी दिँदा सम्झौतामा उल्लेख भए अनुसारका कागजात संलग्न राखेको पाईएन । यसरी दिएको भुक्तानीको सम्वन्धमा विश्वश्त हुने आधार नदेखिएको हुँदा सम्झौताका सर्त विपरित भुक्तानी दिनु मनासिव देखिएन । यस्तो कार्यलाई पालिकले नियन्त्रण गरी गुणस्तरयुक्त कार्य सम्पादन भएको सुनिश्चिता गर्नुपर्दछ ।<br><br><table><tr><td>क्र.स.</td><td>गौ. भौ. नं र मिति</td><td>कार्यक्रमको नाम</td><td>सप्लायर्सको नाम</td><td>भुक्तानी रकम</td></tr><tr><td>१</td><td>६६/२०७९/०२/१०</td><td>सोलार जडान</td><td>काठमाण्डौं इनर्जी ग्रुप प्रा .ली</td><td>४,९६,०४४।</td></tr><tr><td>२</td><td>७५/२०७९/०२/१९</td><td>सोलार जडान</td><td>सिटीजन ईनर्जि</td><td>४,९९,३५६।</td></tr><tr><td>३</td><td>३४४/२०७९/०३/२४</td><td>थारु सस्कृती संरक्षण</td><td>साईनो फोटो स्टुडीयो एण्ड सप्लायर्स</td><td>५,००,०००।</td></tr><tr><td colspan="4">जम्मा</td><td>१४,९५,४००।</td></tr></table> | |
| ६३ | | | **पाठ्यपुस्तक अनुदान -** विद्यालयलाई पाठ्यपुस्तक वापतको रकम अनुदान दिँदा पहिलो किस्तामा विद्यार्थि संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने । शैक्षिक सत्र २०७९ को विद्यार्थि भर्नाको विवरण ,पाठ्यपुस्तक पुस्तक खरिद र वितरणको विवरणका आधारमा एकिन गरी नपुग रकम मात्र थप २५ प्रतिशत अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमका विद्यालयलाई पहिलो किस्ता ७५ प्रतिशत विद्यार्थि संख्याको लागि पुग्ने रकम निकासा गरेकोमा पाठ्यपुस्तक खरिद गरी वितरण गरेको एकिन नभई पुन वाँकि | ३१८,८८० |

| | | | | |
|---|---|---|---|---|
| | | | २५ प्रतिसत रकम अनुदान रकम निकासा गरेको पाईयो । यसरी खरिद र वितरण गरेको एकिन हुने विल भरपाई विना विद्यालयको खातामा रकम निकासा गर्नु मनासिव नदेखिएको हुँदा पाठ्यपुस्तक खरिद गरी वितरण गरेको विल भरपाई पेश गर्ने रु. | |

| क.स | विद्यालयको नाम | रकम रु. |
|---|---|---|
| १ | श्री विष्णु प्रा.वि लम्विफाँटा | १५,१४१। |
| २ | श्री जिवनज्योती प्रा.वि देविगंज | ८,६११। |
| ३ | आदर्श वाल प्रा.वि मुर्सि | ७,४०५। |
| ४ | जनता मा.वि मोहनपुर | १३,३०६। |
| ५ | रामजानकी प्रा.वि कालिमाई | ९,८०३। |
| ६ | गरिमा प्रा.वि खल्लाटोल | ४०,६७३। |
| ७ | शिव प्रा वि गोवरैला | ७,०६३। |
| ८ | बुटकहुवा प्रा.वि विचतपुर | १३,०६८। |
| ९ | लक्ष्मी मा.वि पृथ्विपुर | २,०३,८१०। |
| जम्मा | | ३,१८,८८०। |

| | | | | |
|---|---|---|---|---|
| ६४ | | | **प्रतिवेदन तयार -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (७) तलिम सेमिनार,गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले सेमिनार,गोष्ठी,कार्यशाला र तालिमहरुको भुक्तानी दिँदा तालिमबाट लाभान्वित व्यक्तीको संख्या, खरिद गरिएका मालसामान र विषय वस्तुको वारेमा प्रष्ट खुल्ने गरी प्रतिवेदन तयार गरेको पाईएन । नियमावलीमा व्यवस्था भएअनुसार तालिम सञ्चालन गर्दा भएको खर्च र कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या खुल्ने प्रतिवेदन तयार गरी स्विकृत गराउनु पर्दछ । पालिकाले संचालन गरेका तालिम,गोष्ठी तथा अभिमुखिकरणका केही उदाहरण निम्न अनुसार छन्। | |

| क स | गो भौ नं र मिति | तालिमको नाम | भुक्तानी लिनेको नाम | रकम |
|---|---|---|---|---|
| १ | १११/२०७८/०९/२७ | मातृ तथा नवशिसु कार्यक्रम | अनिता चौधरी | ७४,५००। |
| २ | १२९/२०७८/११/०१ | HMIS Recording सम्वन्धि अभिमुखिकरण | विरेन्द प्रसाद सापकोटा | १७,८१०। |
| ३ | १९५/२०७९/०१/०८ | आमा समुह तथा स्वास्थ्य महिला स्वंयसेविकाहरुका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम | विरेन्द प्रसाद सापकोटा | १००,०००। |
| ४ | ३७३/२०७९/०३/३१ | मातृ तथा नवशिसु कार्यक्रम | अनिता चौधरी | २००,०००। |
| जम्मा | | | | ३,९२,३१०। |

६५ **बार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२०,१०,४७,२७०।१० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

६६ **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्न अनुसार सवारी साधन खरिदमा रु.२,८०,०३०१.५९ खर्च गरेको छ ।

| **सि.नं** | **सवारी साधन** | **संख्या** | **खर्च स्रोत** | **रकम** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | ९ | आन्तरिक आय | २८,००,३०१.५९ |

६७ **आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,७१,५६,१२२। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.२,८०,९४,३०९।३४ अर्थात अनुमान भन्दा ३.४५ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६८ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

(रु. हजारमा)

| **केन्द्रिय अनुदानबाट खर्च** | **पालिका बाटै संकलित आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| २७१००५ | २८०९४ | १०.३६ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १०.३६ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

६९ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| भुमी मालपोत कर | १२००००००। | १०२२३७३०।५१ | ८५.१९ |

| | | | |
|---|---|---|---|
| घरजग्गा वहाल कर | १000000। | ६0३६७0।४७ | ६0.३६ |
| वहाल विरौटी शुल्क | २00000। | 0 | 0 |
| सवारी साधन कर | ५0000। | ५00। | १ |
| कृषितथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ३000000। | २७७१४४४।४0 | ९२.३८ |
| अन्य कर | 0 | 0 | |
| सरकारी सम्पतीको वहालबाट प्राप्त कर | ३५0000। | ३३८४00। | ९६.६८ |
| अन्य स्रोतबाट प्राप्त रोयल्टी | ५00000। | 0 | 0 |
| पर्यटन शुल्क | ३00000। | 0 | 0 |
| अन्य बिक्रीबाट प्राप्त रकम | १५0000। | १५000। | १0 |
| अन्य सेवा शुल्क तथा बिक्री | ४00000। | ११६000। | २९ |
| न्यायिक दस्तुर | ४९९९७। | २0५0। | ४.१0 |
| अन्य प्रशासनिक सेवा शुल्क | 0 | 0 | 0 |
| नक्सा पास दस्तुर | ४00000। | १३५८७८।७१ | ३३.९६ |
| सिफारीस दस्तुर | ३५00000। | ३२0८२४२।१८ | ९१.६६ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ६00000। | ५९२८00। | ९८.८0 |
| नाता प्रमाणित दस्तुर | १५0000। | ११५४00। | ७६.९३ |

| | | | |
|---|---|---|---|
| अन्य दस्तुर | २५००००। | ७७८४२६४।७० | ३११३.७० |
| व्यवसाय रजिष्ट्रेशसन दस्तुर | २५०००००। | ८७१६५०। | ३४.८६ |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | ० | ० |
| अन्य क्षेत्रको आय | ८०००००। | ३५९१५३।३७ | ४४.८९ |
| व्यवसाय कर | ० | | |
| बेरुजु | ९५६१२५। | ९५६१२५। | १०० |
| **जम्मा** | **२७१५६१२२।** | **२८०९४३०९।३४** | **१०३.४५** |

संकलन भएको कुल आय मध्ये सबैभन्दा बढी हिस्सा भूमि मालपोत करले ओगेटेको छ। आय संरचनामा यस्तो अनुपात ३६.३९ प्रतिशत रहेको छ। अन्य क्षेत्रहरूबाट न्युन आय भएको देखिन्छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

७० **व्यवसाय कर** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै पनि कर संकलन गरेको छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

७१ **सफ्टवेयर खरिद** -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.९,८२,५३५। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| **क सं** | **सफ्टवेयरको नाम** | **रकम** |
|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१</td><td>Complaint management system</td><td>४,९७,२००।</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य संस्थाहरुको तथ्यांक व्यवस्थापन</td><td>४,८५,३३५।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९,८२,५३५।</td></tr>
</table></td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>डोजर, लोडर, एक्साभेटर मर्मत - पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु. ५,००,०००। खर्च गरेकोमा उक्त डोजर भाडामा लगाएबापत कार्यालयले रु.२,०४,४००। मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन। कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ।यस्ता डोजर संचालन गर्दा सो मा लागेको ड्राइभर इन्धन र मर्मत खर्च तथा प्राप्त भएको आम्दानी र गरेको कामको बिचमा तुलना गरी भविष्यमा समेत संचालन गर्न सकिने नसकिने सम्बन्धमा मुल्याकंन गरी मापदण्ड बनाई संचालन हुने व्यवस्था मिलाउनुपर्दछ।<br><br><table>
<tr><th>सि.नं</th><th>मेशिनरी</th><th>मर्मत तथा ईन्धन रकम</th><th>आम्दानी रकम</th></tr>
<tr><td>१</td><td>डोजर</td><td>५०००००।</td><td>२०४४००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५०००००।</td><td>२०४४००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>विपद व्यवस्थापन</td><td></td></tr>
<tr><td>७३.१</td><td></td><td></td><td>समिति गठन - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन । ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७३.२</td><td></td><td></td><td>कार्य योजना - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ । पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन । विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ । | |
| ७३.३ | | | **विपद व्यवस्थापन कोष**-विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम स्थानीय तहले बनाएको नियम बमोजिम खर्च हुने व्यवस्था छ । पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात नभएको र यो वर्ष रू ५१ लाख ८० हजार वजेट विनियोजन भएकोमा, कोषबाट यो बर्षमा रु. ५१ लाख ५६ हजार खर्च भई रु २४ हजार बाकी रहेको देखीयो । विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ । | |
| ७३.४ | | | **बार्षिक प्रतिबेदन**-विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ७४ | | | **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट**<br><br>यस पालिकाको उक्त प्रतिबेदन अनुसार कुल १०० अंकमा ७८ अंक प्राप्त गरेको उल्लेख छ । उक्त मुल्याँङ्कनलाई यस पालिकाको समग्र मुल्याँङ्कन राम्रै मान्ने अबस्था रहेकोकोले थप अंक प्राप्त गर्ने गरी आगामी बर्षका कार्यक्रम संञ्चालनका लागि पालिकाको ध्यान जान आबश्यक देखिन्छ । | |
| ७५ | | | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ७५.१ | | | **प्राविधिक बिल र कार्य सम्पन्न**-सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |

<table>
<tr><td>७५.<br>२</td><td></td><td></td><td>लागत सहभागिता – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर विभिन्न विद्यालयहरुमा ३१ जना शिक्षक नियुक्त गरी बार्षिक रु. ६०,५५,२००। आन्तरिक श्रोतवाट तलब भत्ता भुक्तानी गरेको पाईयो। ओ एण्ड एम लगायतका आवश्यक प्रक्रिया पुरा गरेर मात्र शिक्षक नियुक्त गरी खर्च लेख्ने ब्यवस्था हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनु पर्ने व्यबस्था छ ।यस पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगाबै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिबेदनमा निम्न अनुसार कायम गरीएको छ।</td><td></td></tr>
<tr><td>७७.<br>१</td><td></td><td></td><td><table>
<tr><td>१</td><td>गो.भौ.नं. २४१ मिति २०७८।८।१०- अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ मा कार्यशाला संचालन सम्बन्धी खर्चको मापदण्ड निर्धारण गरिएको छ। निर्देशिकामा निर्धारित दरभन्दा अधिक दरमा खर्च गर्नुपरेमा अर्थ मन्त्रालयको पुर्व स्वीकृति लिएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ।स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी २ दिने कार्यशाला वाफत गणेश प्रसाद मिश्रलाई रू.४३,३८५। भुक्तानी दिइएको छ। २ दिनमा ८ कक्षा हुनुपर्नेमा ९ कक्षाको रू.१४०० का दरले भुक्तानी दिइएको छ। प्रशिक्षण कार्यमा नम्स अनुसार खर्च गर्नुपर्ने देखिन्छ।</td></tr>
<tr><td>२</td><td>गो.भौ.नं. ११४८ मिति २०७९।२।१९- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को दफा ८ मा नेपाल सरकारको श्रोत तथा बैदेशिक ऋणबाट खर्च ब्यहोर्ने गरी आन्तरिक तथा बैदेशिक अवलोकन भ्रमण गर्न नपाइने ब्यवस्था गरेको छ। वडा नं. ८ का सचिव तुलसीराम चौधरीले अवलोकन भ्रमणमा रू.२,००,०००। खर्च गरेको विवरण प्राप्त भएको छ। खर्च गर्दा मितव्ययिता अपनाउनु पर्ने देखिन्छ।</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३ | गो.भौ.नं. १२०३ मिति २०७९।३।१ –सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को दफा ६ को उपदफा २ मा सरकारी खर्चमा सुचना तथा प्रसारण विभाग वाहेक अन्य सरकारी निकायले क्यालेन्डर तथा डायरी छपाई गर्न नपाउने ब्यवस्था छ। तेडी प्रिन्टिङ्ग प्रेसलाई रू.१८०.८ का दरले ७२२ थान रू.१३०५३७।मा छपाई गरेवाफत उक्त फर्मलाई भुक्तानी गरिएको छ।खर्च गर्दा मितव्ययिता अउनाउनु पर्दछ। | |
| | | | ४ | गो.भौ.नं. ४३ मिति २०७८।८।७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। रोजगार शाखामा नेट जडान गरे बाफत विशेष इन्फरमेसन टेक्नोलोजीलाई बीजक नं. ४ बाट राउटर ३० एमबिपिएस को लागि विशेष इन्फरमेशन टेक्नोलोजीको कर बीजक नं. ४ मा भ्याट बाहेक रू.५६,६३७।१८ भुक्तानी दिइएको छ। एक वर्षको लाग्ने शुल्क समेत भनिएको तुलनात्मक रूपमा महँगो देखिएकोले खर्च गर्दा मितव्ययिता अपनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| | | | ५ | प्रजनन स्वास्थ्य शिविर कार्यक्रम– आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। प्रजनन स्वास्थ्य शिविर कार्यक्रममा आवश्यक पर्ने औषधी तथा अन्य सामग्रीहरूको बिलमा सर्जिकल ग्लोभ्स रू.४८ का दरले ४०० थान खरिद गरिएको छ। खुद्रामा रू.३० पर्ने सामान रू.४८ मा खरिद गरिएकोले मितब्ययिता कायम गर्नुपर्दछ। | |
| | | | ६ | गो.भौ.नं. ३६५ मिति २०७९।३।२५ -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। बालकुमारी चौधरीलाई भुक्तानी मिति २०७९।३।१४ मा १००० दिने महिलाहरूका लागि पोषण तथा स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रममा सहभागीहरूलाई स्टेशनरी, प्रशिक्षण कार्यका लागि मसलन्द, यातायात खर्चमा मापदण्डभन्दा बढी खर्च गरिएको छ। प्रचलित कानुन बमोजिम खर्च गरी सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ। | |

| | |
|---|---|
| ७ | गो.भौ.नं. ३७७ मिति २०७९।३।३१ – महिला बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र यौनिक अल्पसंख्यकको तथ्याङ्क संकलन र अद्यावधिक कार्मक्रम – महिला बालबालिका शाखा प्रमुख बालकुमारी चौधरीले कार्यालय प्रमुखबाट प्रस्तावना स्वीकृत नगराई सम्झौता गरेको छ। तथ्याङ्क संकलन जस्तो संवेदनशिल बिषयमा सोझै सम्झौता गर्ने कार्य मनासिब देखिएन। संकलकहरू छनौटको लागि सुचना प्रकाशन गरी छनौट भएका संकलकहरूलाई प्रशिक्षण दिएर मात्र तथ्याङ्क संकलन गर्नु पर्ने देखिन्छ। |
| ८ | गो.भौ.नं. ३८९ मिति २०७९।३।३२ – आ.व. २०७७।७८ मा स्थापना भएका कृषितर्फका साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास निरन्तरता कार्यक्रमको धेरै रकम अनुगमनममा खर्च गरिएको छ। अनुगमनका लागि सवारी साधन भाडामा लिने गरेको देखियो। अनुगमनमा खिचिएका फोटोहरूमा अनुगमन भएको कुनै प्रमाण देखिदैन। सार्वजनिक खर्चको सदुपयोग गर्दै कार्यक्रमको रकम अनुगमनका साथै उत्पादनमुलक कार्यमा लगाउनुपर्ने देखिन्छ। |
| ९ | गो.भौ.नं. ३०२ मिति २०७९।२।६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। मालिका कम्प्युटर सेन्टरलाई मतगणना प्रयोजनका लागि सी.सी.टि.भी. क्यामेरा लगायतका सामग्री खरिदका लागी रू.२९६०१७। भुक्तानी भएको छ। मतगणनाको खर्च ब्यवस्थापन गाँउपालिकाले गरेको छ। कानुन बमोजिम खर्च गरी सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ। |
| १० | **नागरिक वडापत्र**– सार्वजनिक प्रशासानलाई जनमुखी, जवाफदेही, पार्दशी तथा जनसहभागीतामुलक बनाउन जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाँउमा नागरिक वडापत्र राख्नुपर्ने ब्यवस्था सुशासन (ब्यवस्थापन तथा संचालन) ऐन, २०६४ ले गरेको छ। कार्यालयले २०७८।७९ को अन्त्य तिर कार्यालयमा रंगरोगन गर्दा नागरिक वडापत्र मेटिएपछि हालसम्म नागरिक वडापत्रको ब्यवस्था हुन नसकेको देखिन्छ। १ नं. वडा कार्यालयको नागरिक वडापत्रमा लेखिएको कुराहरू मेटिएको छ। सुशासन कायम गर्ने महत्वपुर्ण अंगको रूपमा रहेको वडापत्रको ब्यवस्था गर्ने तर्फ कार्यालयले ध्यान जानुपर्दछ। |
| ११ | **सार्वजनिक सुनुवाई** कार्यालयको काम कारवाहीलाई स्वच्छ, पारदर्शी बनाउन विषय विषेशज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय तहका पदाधिकारीलाई आमन्त्रण गरी प्रत्येक चार महिनामा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था छ। कार्यालयले वर्षमा एक पटक मात्र |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सार्वजनिक सुनुवाई गर्ने गरेको देखियो। न्युन जनसहभागिता रहदै आएको सार्वजनिक सुनुवाईमा आगामी दिनहरूमा वर्षमा कम्तीमा ३ पटक सरोकारवालाको ब्यापक सहभागीतामा सार्वजनिक सुनुवाई गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td></tr>
<tr><td>१२</td><td>वित्तीय सुशासन स्रोत साधनको प्राप्ती तथा सोको उपयोगमा अवलम्बन गर्नुपर्ने प्रकिया, विधि, नियम आदिको पुर्ण परिपालनाको अवस्था वित्तिय सुशासन हो। उचित रूपमा राजश्वको संकलन नहुनु, करको दायरामा सबैलाई नसमेटिनु, स्वीकृत नम्स र मापदण्ड बेगर खर्च लेख्नु, खर्चको बावजुत पनि विकास निर्माणमा अपेक्षित उपलब्धी हासिल नहुनु, सार्वजनिक सुचनामा न्युन पहुँच आदिले वित्तीय सुशासन कमजोर रहेको देखिएको छ। यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td></tr>
<tr><td>१३</td><td>प्रमाणित नभएका योजनाहरू- खानेपानी शाखा तथा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट संचालन भएका योजनहरूमा एकतह माथिल्लो अधिकारीबाट प्रमाणित गराउनु पर्नेमा प्रमाणित नभई संचालन गरेको देखिन्छ। यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td></tr>
<tr><td>१४</td><td>उपभोत्ता समिति लाभग्राहीद्धारा ब्यहोरिने अशं औपचारिकतामा सीमित रहेको, समिति गठन र निर्माण चरणमा हुने विवाद, निर्माण ब्यवसायी मार्फत कार्य गराउने हेभी मेसिनको प्रयोग गर्नुपर्ने खालका कार्यहरू समेत गर्ने जस्ता समस्याहरू विद्यमान छन। न्युनिकरण गर्नेतर्फ ध्यान जानुपर्दछ।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७७.<br>२</td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>मकै बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम - गो.भौ.नं. २५१ मिति २०७९।३।१० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।प्रगति कृषक समुहलाई २ लाख रूपैयाको लागत सहभागीतामा सम्झौता गरिएको छ। सम्झौताको बुदाँ नं. १८ मा बीउबिजन, सुक्ष्म खाद्यतत्व, विषादी, कृषि सामग्री र उपकरण खरिद गर्दा कार्यक्रमको तर्फबाट ५० प्रतिशत र किसानको तर्फबाट ५० प्रतिशत खर्च ब्यहोरिने उल्लेख भएको छ। भुक्तानी दिदाँ जग्गा जोतेबाफत रू.६००००। खर्च देखाई सम्झौता बिपरीत भुक्तानी भएको देखियो। उक्त भुक्तानी अनियमित देखिएको रू.</td><td>६०,०००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६०,०००।</td></tr>
</table>
</td><td>६०,०००</td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७७.३ | | | १ | गो.भौ.नं. १३१७ मिति २०७९।३।२१ -आयकर ऐन, २०५८ तथा सालबसाली आर्थिक ऐन बमोजिम अग्रिम रूपमा कर कट्टि गरी सम्बन्धितको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ। कविराज सुभाष शाहको पे.फ. गर्दा अग्रीम आयकर दाखिला गर्न छुट भएकोले सम्बन्धिबाट रू.६१७ असुल उपर गरी दाखिला गर्नुपर्ने रू. | ६१७ | | | ७,३६४ |
| | | | २ | प्रजनन स्वास्थ्य शिविर कार्यक्रम- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। २१ जना उपस्थित कार्यक्रममा ३७ जनाले खाजा खाएको बिल पेश गरिएको छ। नम्स भन्दा बढी खर्च गरिएको रू.३,२००। असुल उपर गर्नुपर्ने रू. | ३२०० | | | |
| | | | ३ | गो.भौ.नं. १७६ -आयकर ऐन, २०५८ तथा सालबसाली आर्थिक ऐन बमोजिम अग्रिम रूपमा कर कट्टि गरी सम्बन्धितको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ। कविराज सुभाष शाहले ४ थान एल.पी. ग्याँस रिफिल गरेबाफत नितृ सप्लायर्सको बिल नं. ८५ बमोजिम रू.१९४ अग्रीम आयकर कट्टी गर्नुपर्नेमा सो नभएकोले दाखिला गर्नुपर्ने रू. | १९४ | | | |
| | | | ४ | मकै बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम गो.भौ.नं. २५१ मिति २०७९।३।१०-आयकर ऐन, २०५८ तथा सालबसाली आर्थिक ऐन बमोजिम अग्रिम रूपमा कर कट्टि गरी सम्बन्धितको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ। प्रगति कृषक समुहलाई २ लाख रूपैयाको लागत सहभागीतामा सम्झौता गरिएको छ। पकेट विकास कार्यक्रममा अग्रीम आयकर रू.५१७८ कट्टी गर्नुपर्नेमा रू.३०००। मात्रै कट्टी गरिएकोले सम्बन्धितबाट असुल उपर गरी दाखिला गर्नुपर्ने रू. | २१७८ | | | |
| | | | ५ | गो.भौ.नं. ३९० मिति २०७९।३।३२ आयकर ऐन, २०५८ तथा सालबसाली आर्थिक ऐन बमोजिम अग्रिम रूपमा कर कट्टि गरी सम्बन्धितको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ। सु.प.प्र. ०१-००१ ख २४५३ नं.को हायर्स गाडी धनी सुनिता कुमारी बोहरा लाई भुक्तानी भएको गाडी भाडामा कर कट्टी नभएकोले सम्बन्धितबाट असुल उपर गर्नुपर्ने रू. | ११७५ | | | |
| | | | **जम्मा** | | **७३६४** | | | |

| | | | | |
|---|---|---|---|---|
| ७८ | | | **कृषकहरूलाई राहात वितरण** - वेमौसमि वर्षाका कारण पिडित कृषकहरूलाई राहात वितरण गर्ने कार्यक्रम अन्तर्गत जिल्ला प्रशासन कार्यालय वाट रू.३,२१,६२,७७१। रकम प्राप्त भएकोमा पिडित कृषकहरूलाई बैकं खाता मार्फत रू.२,७१,८०,५३९। भुक्तानी गरि वाकी रकम रू.४९,८२,२३२। भौचर नं. ०६७१४९५२ मार्फत राष्ट्रिय वाणिज्य वैकंको खातामा फिर्ता गरेको विवरण प्राप्त भएको छ। | |
| ७९ | | | **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्नेमा गाँउपालिकाले विशिष्टिकृत रूपमा कार्यक्रम नतोकी समष्टिगत रूपमा रू.६,५६,७६,०००। रूपैयाँ अबण्डा राखी बजेट पारित गरेको छ। गाँउपालिकाले विभिन्न निर्णयको आधारमा कार्यक्रम बनाई रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बजेट अवण्डा राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| ८० | | | **कन्टिजेन्सि खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची—१ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्यखर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्ने व्यवस्था रहेको छ। सो अनुरुप निर्माणकार्यको लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। यो बर्ष कार्यालयले रु.२०१०४७२७०। हजार खर्च गर्दा कन्टिन्जेन्सी वापत कार्यालय संचालन संग सम्बन्धित कार्यका लागि समेत गरी कुल रु.३०,००,०००। खर्च लेखेको छ । यो वर्षको कूल निर्माण खर्चको तुलनामा कन्टिन्जेन्सी खर्च १.४९ प्रतिशत रहेको छ। कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आवश्यक देखिन्छ। | |
| ८१ | | | **भुक्तानी दिन बाकीको कच्चावारी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण(म ले प फा नं २२१) तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ। संघिय कार्यालयमा जस्तै स्थानीय तहले पनि गत वर्षको भुक्तानी गर्ने प्रायोजनार्थ आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयन गर्नुपर्नेमा भुक्तानी दिन वाँकीको कच्चावारी वेगर नै देहायको कार्यको लागि भुक्तानी दिएको पाइयो। यसरी भुक्तानी दिएका कार्य कार्यान्वयनमा जाने नजाने सुनिश्चित समेत नभएकोले यस्तो प्रकारले खर्च लेख्ने कार्य मनासिब देखिएन। त्यस्तै सवै प्रतिवेदन सम्पत्तीको रूपमा अभिलेख समेत राखेको पाइएन। यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ । | |

| **भौ नं** | **विवरण** | **रकम** |
|---|---|---|

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>२।२०७८।५।२९</td><td>१५ शैयाको अस्पताल भवन निर्माण डि.पि.आर</td><td>१८,९२,७५०।</td></tr>
<tr><td>१५।२०७८।६।२०</td><td>पुल निर्माणको डी.पी.आर यात्रा ईन्जीनियरिङ्ग सर्भिसेज</td><td>१९,६०,५५०।</td></tr>
<tr><td>१६।२०७८।६।२०</td><td>वडा नं ९ बनकरी बाटोमा कल्भर्ट निर्माण</td><td>९,२९,५९०।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४७,८२,८९०।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>८२</td>
<td></td>
<td></td>
<td>प्रमाण पेश हुनुपर्ने - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने व्यवस्था छ । यस पालिका र दलित अधिकार मञ्च बिच २०७८/७/१६ मा कैलारी गाउँपालिकालाई जातीय भेदभाव तथा छुवाछुत मुक्त गाउँपालिका घोषणा अभियान कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले रु.६ लाख र मञ्चले रु.५,०३,२००। गरि कुल रु.११,०३,२००। रुपैंयाको कार्यक्रम सञ्चालन गर्ने सम्झौता भएको देखिन्छ ।सम्झौता अनुसार मञ्चको जिम्मेवारीको बुँदा नं ६ मा अन्तिम किस्ताको रकम माग गर्दा कार्यसम्पन्न प्रतिवेदन का साथ कार्यक्रम संचालनका फोटोहरु, आवश्यक कागजातहरु, बिल भरपाई तथा कार्यक्रम सम्पन्न भएको सम्बन्धित वडा तथा गाउँपालिकाका पदाधिकारीको सिफारिस पत्र अनिवार्य पेश गर्नुपर्ने उल्लेख छ । उक्त मञ्चले भुक्तानिका लागि पेश गरेको आवश्यक प्रमाणमा कार्यक्रम सञ्चालनको फोटो, कार्यसम्पन्न प्रतिवेदन र वडा/पालिकाको पदाधिकारीको सिफारिस पत्र पेश नगरि भुक्तानि दिएको देखियो । सम्झौता बमोजिमका प्रमाण कागजात पेश नभए भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.</td>
<td>६००,०००</td>
</tr>
<tr>
<td>८३</td>
<td></td>
<td></td>
<td>अन्य कार्यालयको खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी निम्नानुसार खर्च गरेको छ । यसरी खर्च गर्नु नियमित नदेखिएकोलेयस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>क्र स</th><th>कार्यलय वा संस्थाको नाम</th><th>कामको प्रकृतिको</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>1</td><td>वन सामुदायीक सहकारी</td><td>भवन निर्माण</td><td>३८८०००।</td></tr>
<tr><td>2</td><td>दिप अपाङ्ग भवन</td><td>भवन निर्माण</td><td>२६००००।</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| 3 | एकता सामुदायिक भवन | भवन निर्माण | २२०५००। |
| 4 | नयाँ भनिकारपुरमा सामुदायिक भवन | भवन निर्माण | १०००००। |
| 5 | महालक्ष्मि युवा क्लब | भवन निर्माण | ५२०६२९। |
| 6 | मालपोत कार्यालय, कैलाली | भवन रंगरोगन | ५०३७४। |
| 7 | कृषि समुह | भवन निर्माण | ६७९०००। |
| 8 | झमरा गाउँको क्लब | भवन मर्मत | २०००००। |
| 9 | मनाउँ वन समुदाय | भवन मर्मत | १३७१२०। |
| 10 | सुपरमुन युवा क्लब | भवन निर्माण | ११४०८३९। |
| 11 | हसुलिया अधुरो भवन(स्थानीय क्लब) | मर्मत | १५००००। |
| 12 | समिक्षा महिला सहकारी संस्था | भवन निर्माण | ८८२०००। |
| 13 | राम जानकी धर्मशाला | भवन निर्माण | ५२४०४२। |
| 14 | सुरक्षित भवन निर्माण ८ नं वडा | भवन निर्माण | ५८६२४४। |
| 15 | श्रमशिल सहकारी | भवन निर्माण | ६४९९००। |
| 16 | जनचेतना सहकारी | भवन निर्माण | ६०७५८४। |
| 17 | एकल महिला भवन | भवन निर्माण | २७९८५७। |
| 18 | श्री हंस ज्ञान मानव धर्म सेवा आश्रम | भवन निर्माण | ६४९०७३। |
| 19 | सव डिभिजन वन कार्यालय वसन्ता | भवन निर्माण | १०५५०७२। |
| 20 | जनचेतना सहकारी | भवन निर्माण | ६६५२९६। |

| | | | |
|---|---|---|---|
| 21 | वसन्ता बहुउद्देश्यीय सहकारी | भवन निर्माण | ५४७५९५। |
| **जम्मा गाउँपालिका पूँजीगत** | | | **१०२९३१२५।** |
| **प्रदेश पूर्वाधार विकास कार्यक्रम** | | | |
| 1 | हरियाली युवा क्लब | भवन निर्माण | ९२६९२० |
| 2 | स्मार्ट युवा क्लब | भवन निर्माण | ५७६१६३ |
| 3 | राधास्वामी सत्संग | भवन निर्माण | ४८६२०० |
| 4 | न्यू प्रशंसा युवा क्लब | भवन निर्माण | ९६८७३६ |
| **जम्मा प्रदेश पूर्वाधार विकास कार्यक्रम** | | | **२९५८०१९** |

८४ **नक्सा पास** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ। यस पालिकावाट आ.व. २०७८।७९ मा २० वटा घरको नक्सापासको लागि निवेदन दिएकोमा कसैलाइ पनि अस्थायी अनुमति दिएको छैन भने गत वर्ष अनुमति लिएका ६ सहित कुल ८ वटा घरको कार्यसम्पन्न भएको अवस्था छ । पालिकाले आफ्नो क्षेत्रिभित्रको घरहरुको अभिलेख नराखेको तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ ।

८५ **पाइप तथा विद्युत पोल जडान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ। पालिकाले सम्झौता, नापी किताब संलग्न नगरि देहाय बमोजिमको कार्यक्रमबाट विभिन्न साइज का ह्युमपाइप तथा पोल खरिद गरि वितरण गरेको देखिएकोमा जडान गरी काम सम्पन्न भएको प्रमाण दिने गरेको पाइएन। यस्ता सामान वितरण पश्चात उपयोगको सुनिश्चितताको लागी नाप जाँच गरी प्रमाण लिने व्यवस्था हुनुपर्दछ।

| भौ.नं/मिति | आपुर्तक | साइज | सामाग्रि विवरण | रकम रु |
|---|---|---|---|---|
| ह्युम पाइप खरिद | | | | |

| | | | | |
|---|---|---|---|---|
| १८१।२०७८।१२।२ | बागेश्वरी ह्युम पाइप तथा विद्युत पोल उद्योग | NP3300 mm | ३५ थान | ४,९३,५८४। |
| १८२।२०७८।१२।२ | भागेश्वर ह्युम पाइप ईन्डस्ट्रिज | NP3 300 mm | ३५ थान | ४,९२,३९७। |
| १८४।२०७८।१२।२ | स्वर्गद्वारी ह्युम पाइप तथा विद्युत पोल उद्योग | NP3 300 mm | ३५ थान | ४,९३,९७९। |
| २१२।२०७८।१२।२० | राधाकृष्ण ह्यूम पाइप इण्डस्ट्रिज | NP3 900 mm | २ थान | १,५७,५६७। |
| | | NP3 600 mm | ४ थान | ९५,९६०। |
| | | NP3 450 mm | ४ थान | ७०,२८६। |
| जम्मा ह्युम पाइप | | | | १७,२४,९८९। |
| विद्युत पोल खरिद | | | | |
| २७२।२०७९।१।१४ | एम के इन्डस्ट्रिज प्रा.लि | ९ मिटर | ८८ थान | ८,९४,९६०। |
| २७३।२०७९।१।१४ | गौतम बुद्ध ह्युम पाइप उद्योग | ९ मिटर | ८८ थान | ८,९४,९६०। |
| २७४।२०७९।१।१४ | सिनास सप्लायर्स | ९ मिटर | ८८ थान | ८,९४,९६०। |
| २७५।२०७९।१।१४ | कैलाली कंक्रिट उद्योग | ९ मिटर | ४४ थान | ४,४७,४८०। |
| ३०४।२०७९।२।१० | राम जानकी ह्युम पाइप एण्ड पोल इण्डस्ट्रिज प्रा.लि. | ९ मिटर | ८८ थान | ८,९४,९६०। |
| जम्मा विद्युतपोल | | | | ४०,२७,३२०। |
| विद्युत पोल र ह्युम पाइपको जम्मा | | | | ५७,५२,३०९। |

<table>
<tr><td>८६</td><td></td><td></td><td>बढि दरमा खरिद -कैलाली जिल्लाको २०७८।०७९ को जिल्ला दररेट अनुसार पोलको खरिद गर्दा प्रति गोटा रु. ७,०००। ढुवानी र मु अ कर बाहेक तोकेको छ । जस अनुसार प्रति गोटा विद्युत पोलको रु.९,०९६।५ (१३ प्रतिशत मु अ कर र १५ प्रतिशत ढुवानी सहित) पर्न जाने देखिन्छ । यस गा पा ले विभिन्न मितिमा गा पा मा वितरणका लागि खरिद गरेको कुल ३९६ थान ९ मिटरका विद्युत पोल प्रति थान रु.१०,१७०। का दरले खरिद गरेको पाइयो । जिल्ला दर रेट भन्दा बढि मुल्यमा खरिद गर्दा बढी व्ययभार परेको प्रतिगोटा रु.१,०७३।५ का दरले हुन रु.४,२५,१०६। सम्बन्धितबाट असुल गरिनुपर्ने रु.</td><td>४२५,१०६</td></tr>
<tr><td>८७</td><td></td><td></td><td>टुक्रा पारि खरिद -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खरिद गर्नुपर्ने व्यवस्था छ । त्यसैगरि सार्वजनिक खरिद नियमावली बमोजिम रु.१० लाख रुपैयासम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने र १० लाख रुपैयाभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रको माध्यमबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । सोझै खरिद गर्दा एक आर्थिक बर्षमा सिमा भन्दा बढिको खरिद गर्न नहुने उल्लेख छ । यस गाउँपालिकाले निम्न निर्माण तथा खरिदकार्यलाई टुक्रा गरि लागत अनुमान तयार गरि पटक पटक लागत अनुमानकै हाराहारीमा काम गराई भुक्तानी दिएको छ ।यसरी खरिद गर्दा प्रतिस्पर्धाको लाभ प्राप्त नभई मितव्ययी समेत नहुने देखिन्छ । पालिकाले खरिद ऐन तथा नियमावलीको व्यवस्थाको पालना गर्दै खरिद कार्य गर्नु आवश्यक देखिन्छ ।
<table>
<tr><th>भौ नं/ मिति</th><th>योजनाको नाम</th><th>निर्माण व्यवसायी/आपूर्तकको नाम</th><th>रकम रु</th></tr>
<tr><td>२४७।२०७९/१/६</td><td rowspan="2">वडा नं ७ को कार्यालय भवन घेरवार</td><td>पारस एण्ड प्रयास कन्स्ट्रक्सन</td><td>९७६८८७।</td></tr>
<tr><td>२४८।२०७९/१/६</td><td>आशिस निर्माण सेवा</td><td>८८७८१४।</td></tr>
<tr><td>२४९।२०७९/१/६</td><td rowspan="3">हसुलिया बजार सडक कालोपत्रे</td><td>महन्याल निर्माण सेवा</td><td>४८२१७१।</td></tr>
<tr><td>२५०।२०७९/१/६</td><td>हिम कैलाश कन्स्ट्रक्सन</td><td>४९४४३९।</td></tr>
<tr><td>२५१।२०७९/१/६</td><td>शाहि कन्स्ट्रक्सन</td><td>२३७२५४।</td></tr>
<tr><td>२६७।२०७९/१/१४</td><td rowspan="2">गाउँपालिका भरिका ग्रामिण सडकहरुको मर्मत</td><td>ठाकुर कन्स्ट्रक्सन</td><td>७९०५६८।</td></tr>
<tr><td>२६९।२०७९/१/१४</td><td>आर एस कन्स्ट्रक्सन</td><td>९९०७६९।</td></tr>
<tr><td>१८१।२०७८।१२।२</td><td>ह्युम पाइप खरिद</td><td>बागेश्वरी ह्युम पाइप तथा विद्युत पोल उद्योग</td><td>४९३५८४।</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>१८२।२०७८।१२।२</td><td></td><td>भागेश्वर ह्युम पाइप ईन्डस्ट्रिज</td><td>४९२३९७।</td></tr>
<tr><td>१८४।२०७८।१२।२</td><td></td><td>स्वर्गद्वारी ह्युम पाइप तथा विद्युत पोल उद्योग</td><td>४९३९७९।</td></tr>
<tr><td>२१२।२०७८।१२।२०</td><td></td><td>राधाकृष्ण ह्यूम पाइप इण्डस्ट्रिज</td><td>२४५०२९।</td></tr>
<tr><td>२७२।२०७९।१।१४</td><td rowspan="6">विद्युत पोल खरिद</td><td>एम के इन्डस्ट्रिज प्रा.लि</td><td>८९४९६०।</td></tr>
<tr><td>२७३।२०७९।१।१४</td><td>गौतम बुद्ध ह्युम पाइप उद्योग</td><td>८९४९६०।</td></tr>
<tr><td>२७४।२०७९।१।१४</td><td>सिनास सप्लायर्स</td><td>८९४९६०।</td></tr>
<tr><td>२७५।२०७९।१।१४</td><td>कैलाली कंक्रिट उद्योग</td><td>४४७४८०।</td></tr>
<tr><td>३०४।२०७९।२।१०</td><td>राम जानकी ह्युम पाइप एण्ड पोल इण्डस्ट्रिज प्रा.लि.</td><td>८९४९६०।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,०६,१२,२११।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>८८</td>
<td>१६२</td>
<td>२०७८-११-१२</td>
<td>बढि भुक्तानि - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले सिम्रनपारी झोलुङ्गेपुल निर्माणका लागि झोलुङ्गेपुल क्षेत्र विकास कार्यक्रमको ८७ प्रतिशत र गाउँपालिकाको १३ प्रतिशत लागत साझेदारीमा निर्माण गर्ने गरि सम्झौता भएको देखिन्छ । यस पालिकाले यस आयोजनाको प्रथम रनिङ्ग विलको रकम रु.१२,३८,४८७।०४ भुक्तानि दिदा २२.७ प्रतिशत रकम रु.२,८१,६३६। भुक्तानि दिएको पाइयो । सम्झौताभन्दा बढि हुने गरि भुक्तानी भएको रकम रु.१,२०,६३२।६८ झोलुङ्गेपुल क्षेत्रगत विकास कार्यक्रमबाट सोधभर्ना गरि हिसाब मिलान गर्नुपर्ने रु.</td>
<td>१२०,६३२.६८</td>
</tr>
<tr>
<td>८९</td>
<td>३४३</td>
<td>२०७९-३-७</td>
<td>भगतपुर ड्याम निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याँङ्कन,विल भपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्ताले कैलारी ६ भगतपुरमा ड्याम निर्माणका लागि खाली बोरामा माटो भर्ने कार्यको परिक्षण गर्दा उक्त कार्यमा ३,९०० गोटा प्लाष्टिकका बोरामा माटो भर्ने कार्यका लागि भुक्तानि</td>
<td>१७,१००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>भएको देखिए पनि उपभोक्ताले पेश गरेको बिलमा ३,७०० गोटा वोरा खरिद गरेको विल पेश गरेको छ । कुल ३७०० गोटा वोराको प्रतिगोटा खरिद मुल्य रु.२७।८० र बोरा भर्ने कार्य प्रति बोरा रु.५७।७० सहित कुल रु.८५।५० का दरले कुल रु.३,१६,३५०। मात्र हुने रकम रु.३,३३,४५०। भुक्तानि दिएकोले बढि भुक्तानि भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>९०</td><td></td><td></td><td>विल बिजक पेश नभएको - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन,विल,भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले निम्न योजनाहरुको अन्तिम भुक्तानि बापतको रकम निकासा गर्दा नापि किताबमा उल्लेख भएको ८५.९९ घ.मि. इट्टाको गाह्रो लगाउने कार्यमा प्रति घन मिटर ५६० ईट्टाका दरले ४८१५४.४ लाग्ने देखिए पनि २०,००० गोटा इट्टाको मात्र बिल संलग्न भएको पाइयो । प्रति घन मिटर ५६० ईट्टा खपत हुने आधारमा २०,००० इट्टाले ३५.७१ घ.मि.मात्र कार्य हुने देखिएकोले निम्न अनुसार बढी भुक्तानी भएको रकम सम्वन्धमा पालिकावाट यकिन गरी सम्बन्धित उपभोक्ताबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौनं.</th><th>योजनाको नाम</th><th>कार्य</th><th>रकम रु.</th></tr>
<tr><td>३५।२०७९/३/२३</td><td>शिवशक्ति आ.वि.को पर्खाल निर्माण</td><td>Brick Massonary 1:6 c.s<br>५०.२८ घ.मि.*रु.१२,९७८।६२</td><td>६,५२,५६५।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६,५२,५६५।</td></tr>
</table></td><td>६५२,५६५</td></tr>
<tr><td>९१</td><td></td><td></td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाख माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस्तै सोझै खरिद गर्दा एक आर्थिक बर्षमा एक फर्मबाट एक पटकमा रु.१० लाखको सिमा भन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो बर्ष विभिन्न शिर्षकबाट निम्नानुसार कार्यालय समाग्री, मसलन्द, मेसिनरी औजार र फर्निचर फिक्चर्स खरिद कार्य गरेकोमा प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै कोटेशनबाट पटक पटक गरि खर्च गरेको देखियो । पालिकाले बार्षिक खरिद योजना बनाई सोहि योजना अनुसार प्रतिस्पर्धात्मक खरिद</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>विधिको प्रकृया अपनाई खर्चगर्न तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकामा मसलन्दमा यदि धेरै खर्च तथा विनियोजन गर्नु उचित देखिएन। अनुत्पादक खर्चमा विनियोजन देखिनै नियन्त्रण गर्नेतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ।<br><br>
<table>
<tr><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>मसलन्द</td><td>८२,८६,०००।</td></tr>
<tr><td>फर्निचर फिक्चर्स</td><td>३७,५५,०००।</td></tr>
<tr><td>मेसिनरि औजार</td><td>३२,१५,२७६।</td></tr>
<tr><td>सवारी साधन</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>बढी भुक्तानि -सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन,विल भपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्ताले ग्राभेल सडक निर्माण गरी भुक्तानी लिएको केही भुक्तानी सम्बन्धि भौचर परीक्षण गर्दा उपभोक्ताले खरिद गरेको ग्राभेलको विलमा उल्लेख परिमाण भन्दा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेखित परिमाण घटी देखिन आयो । उपभोक्तालाई ग्राभेलको कामको भुक्तानी दिदा ग्राभेल रोल गरे पछि नाप जाँच गरी भुक्तानी दिनुपर्नेमा खरिद विलको आधारमा भुक्तानी दिदाँ उपभोक्तालाई बढि भुक्तानी भएको देखियो । देहाएको उपभोक्तालाई बढि भुक्तानि दिएको रकम समबन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>खरिद परिमाण घ.मि.</th><th>हुनुपर्ने परिमाण घ.मि.</th><th>बिलमा उल्लेखित परिमाण घ.मि.</th><th>बढि परिमाण घ.मि.</th><th>दर रु</th><th>रकम रु</th></tr>
</table>
</td><td>१८३,३५६</td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९।२०७९।३।१२ | दुधिया गाउँ सडक स्तरोन्नती | ४५० | ३५२ | ३९६ | ४४ | २,१३५।६ | ९३,९६६। |
| ४३।२०७९।३।२५ | पश्चिम खेडा टोल देखि अमर टोल हुँदै बिर बहादुरको घर सम्म सडक स्तरोन्नती | ५०० | ३९०.६ | ४३०.३४ | ३९.७४ | २,२४९।३७ | ८९,३९०। |
| **जम्मा** | | | | | | | **१,८३,३५६।** |

९३ **काममा ढिलाई** -मिति २०७८।३।२० सम्ममा यस पालिकाको बिभिन्न स्थानमा सडक कालोपत्रे गर्ने कार्यका लागि तिन प्याकेजको काम गर्ने गरी निर्माण व्यवसायी श्री बिभोर कन्स्ट्रक्सनसँग २०७७।११।९ मा सम्झौता भएको देखिन्छ । उक्त व्यवसायीले २०७७।७८ मा नै सक्नुपर्ने काम नसकेको र २०७८।७९ मा कुनै काम नगरेको भए पनि म्याद थप गर्ने कुनै आधार बेगर गाँउ कार्यपालिका २०७९ कार्तिकसम्म म्याद थप गरेको पाइयो । उक्त ठेक्काका काम २०७९।८० समेत चालू रहेको जानकारी प्राप्त भएकोले सम्झौता अनुसार समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति अशुल गरी काम सम्पन्न गर्नु पर्दछ ।

| **ठेक्काको विबरण** | **लागत अनुमान रु हजारमा** | **सम्झौता रकम रु हजारमा** |
|---|---|---|
| बिभिन्न वडामा सडक कालोपत्रे | ४९,०० | ३०,१० |
| वडा नं २,३,४ मा सडक कालोपत्रे | ७३,५० | ४४,८० |
| वडा नं ६,८,९ मा सडक कालोपत्रे | ७३,५० | ४५,५४ |

९४ **ठेक्का व्यबस्थापन**

९४.१ यस पालिकाबाट यस आर्थिक बर्षमा निम्न अनुसारको कामको ठेक्कापट्टा गरेको जानकारी प्राप्त भएको छ।

| क्र सं | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | कार्य सम्पादन जमानत | पेस्की जमानत | सम्झौता मिति | काम समाप्त | | | सम्झौता रु. | हालसम्म |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | रकम | म्याद | रकम | म्याद | | गर्नुपर्ने मिति | कार्य सम्पन्न मिति | लागत अनुमान रु | | भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 078-79/0 1 | Procurement of Fabricated Steel Parts Lakkad Trial Bridge & Simrapari Trial Bridge | Junkiri Industries Pvt. Ltd. | २१५ | 20 Nov 022 | | | 2078.7.5 | 2078.10.5 | 2078.10.26 | ४२४५ | ४२५० | ४२४ ० |
| २ | 078-79/0 1 | Road Improvement works from Dharmapur Ghurahapul to Manau Road | New P.K. Construction | ४०० | 13 April 023 | | | 2078.7.14 | 2079.3.15 | 2079.3.15 | ७७१७ | ७७०२ | ७६९ ५ |
| ३ | 078-79/0 2 | Road Improvement works from Gobraila-Palia-Ratanpur Road | Puspalaxmi Construction and Suppliers Pvt. Ltd. | २८० | ४४८ ५१ | | | 2078.7.9 | 2079.3.15 | 2079.3.15 | ५५६५ | ५५६५ | ५५६ ३ |
| ४ | 078-79/0 3 | Construction Works of Master Planning | - | - | - | - | - | - | - | - | - | - | - |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Work in Bandevi Religious Region | | | | | | | | | | | |
| ५ | 078-79/04 | Construction of Sadakpur-Loharpur Road Sector Blacktop | Rajendra-Sunrise JV | ९५२५ | 17-Jan-25 | ४२०० | 22,26 May 2022 | 2079.11.5 | 2081.9.23 | | ०००० | २४९५१ | |
| ६ | 078-79/05 | Construction of Safe House Building in Ward no 3 | Brightsun Construction and Suppliers Pvt. Ltd. | ००० | ०००० | | | 2078.5.11 | 2079.3.20 | 2079.3.12 | २८५५ | १७५० | |
| ७ | 078-79/06 | Rampur Deep Tube well Water Supply Project | Gorill Nirman Sewa | १८५ | 27-Jun-27 | | | 3/7/2079 | 3/30/2079 | | ४११३ | ३६२५ | |
| ८ | 078-79/07 | Construction of 15 Beded Hospital | Royal Construction | ९३५० | 11-Aug-25 | २०००० | 11-Jan-23 | 2079.3.29 | 2081.3.20 | | २०३२३२ | १८५२६४ | |

यस पालिकाबाट यस आ ब मा उल्लेखित तालिका अनुसारको कार्यका लागि ठेक्कापट्टाको काम भएको विबरण प्राप्त भएको छ । उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

| | | | | |
|---|---|---|---|---|
| ९४.२ | | | क सं १ मा उल्लेखित ठेक्का सम्बन्धमा तोकिएको समयमा काम सम्पन्न नभएको अबस्थामा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२०(१) मा सम्झौता वमोजिमको काम सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित आपूर्तिकर्ता कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तिमा एक्काईस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने म्याद थप माग नै नभएको अबस्थामा नियम १२१(क) मा आपूर्तिकर्ताको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेकोले सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था अनुसार ढिला आपूर्ति गरेको २१ दिनको पुर्ब निर्धारित क्षतिपूर्ति अशुल हुनुपर्ने रु. | ४४,५०० |
| ९४.३ | | | क सं १ मा उल्लेखित व्यबसायीले शर्त नभएको हुनुपर्नेमा यस कार्यालयबाट भुक्तानी दिएको रकम उक्त व्यबसायीको बुटवलमा रहेको एभरेष्ट बैकको खातामा जम्मा हुने गरी भुक्तानी दिएमात्र कार्य सम्पादन जमानत लागु हुने शर्त राखेको छ । यस कार्यालयले भुक्तानी दिंदा उक्त बैकमा जम्मा हुने गरी भुक्तानी नदिएर एन आइ सी बैकमा जम्मा गरी भुक्तानी पाउने गरी भुक्तानी दिएकोले कार्य सम्पादन जमानत कार्यान्वयनमा आएको नै देखिएन । यस्तो प्रकारको कार्य सम्पादन जमानत लिएर कारोबार गर्ने मनासिब देखिएन । | |
| ९४.४ | | | क सं १ मा उल्लेखित व्यबसायीसँग सम्झौता अनुसार त्रुटी सुधार गर्नुपर्ने समय ३६५ दिन रहेको देखिन्छ । व्यबसायीले २०७८।१०।२६ मा काम सम्पन्न गरेको आधारमा कार्य सम्पादन जमानत २०७९।१०।२५ सम्म बहाल रहने हुनुपर्नेमा २०७९।८।४ सम्ममात्र बहाल रहने पेश गरेको छ । उक्त जमानत शर्त नभएको हुनुपर्नेमा यस कार्यालयबाट भुक्तानी दिएको रकम उक्त व्यबसायीको बुटवलमा रहेको एभरेष्ट बैकको खातामा जम्मा हुने गरी भुक्तानी दिएमात्र कार्य सम्पादन जमानत लागु हुने शर्त राखेको छ । यस कार्यालयले भुक्तानी दिंदा उक्त बैकमा जम्मा हुने गरी भुक्तानी नदिई एन आइ सी बैकमा जम्मा गरी भुक्तानी पाउने गरी दिएकोले कार्य सम्पादन जमानत कार्यान्वयनमा आएको नै देखिएन । यस्तो प्रकारको कार्य सम्पादन जमानत लिएर कारोबार गर्ने कार्य मनासिब देखिएन । | |
| ९४.५ | | | क सं २ मा उल्लेखित व्यबसायीसँग सम्झौता अनुसार त्रुटी सुधार गर्नुपर्ने समय ३६५ दिन रहेको देखिन्छ । व्यबसायीले २०७९।३।१५ मा काम सम्पन्न गरेको आधारमा कार्य सम्पादन जमानत कम्तिमा २०८०।३।१५ सम्म बहाल रहने हुनुपर्नेमा २०७९।१२।३० सम्ममात्र बहाल रहने देखिएकोले कार्य सम्पादन जमानत त्रुटी सुधार गर्ने अबधिसम्म बहाल रहने नै देखिएन । यस्तो प्रकारको कार्य सम्पादन जमानत लिएर कारोबार गर्ने कार्य मनासिब देखिएन । | |
| ९४.६ | | | क सं ५ मा उल्लेखित व्यबसायीसँग सम्झौता अनुसार त्रुटी सुधार गर्नुपर्ने समय ३६५ दिन रहेको देखिन्छ । व्यबसायीले २०८१।९।२३ मा काम सम्पन्न गर्ने गरी सम्झौता गरेको आधारमा कार्य सम्पादन जमानत कम्तिमा २०८२।९।२३ सम्म बहाल रहने हुनुपर्नेमा २०८१।१०।४ सम्ममात्र बहाल रहने देखिएकोले कार्य सम्पादन जमानत त्रुटी सुधार गर्ने अबधिसम्म बहाल रहने नै देखिएन । सम्झौता गर्ने अबस्थामा नै त्रुटी सुधार गर्ने अबधिसम्म बहाल नरहने कार्य सम्पादन जमानत लिएर कारोबार गर्ने कार्य मनासिब देखिएन ।यस्ता कार्य नियन्त्रण हुनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ९४.७ | | | क सं ६ मा उल्लेखित व्यबसायीले रु.३६ लाख २५ हजारमा काम गर्ने गरी ठेक्का कबोल स्वीकार भई रु.१ लाख ८५ हजारको कार्य सम्पादन जमानत समेत पेश भएको ७ महिना सकिइ सके पनि बिना आधार प्रमाण लेखापरीक्षण समय २०७९ माघ १० सम्ममा सम्झौता गरको पाइएन । काम गर्न आबश्यक देखाई ठेक्कापट्टाको प्रकृया सुरु गर्ने तर नियमानुसार प्राप्त कम कबोल गर्ने व्यबसायीसँग सम्झौता नै नगर्ने कार्य मनासिब देखिएन । यस्ता कार्यमा सुधार हुनुपर्दछ । | |
| ९४.८ | | | क सं ४ मा उल्लेखित कार्यमा लागि प्राबिधिक तथा आर्थिक प्रस्तावबाट उपयुक्त देखिएका निर्माण व्यबसायीसँग रु.३३,८४,६४,५३३।( मु अ कर र पी एस रु.३५,७५,१९१।) को कबोलमा सम्झौता गर्न निर्माण व्यबसायी श्री Tulsi/Ashish Yogeshwor JV लाई पत्र समेत पठाएकोमा श्री टी डी आर कन्स्ट्रक्सन प्रा लि लगायतका उजुरी तथा गुनासो सर्बोच्च अदालत लगायत बिभिन्न निकायमा परेको कारणले सम्झौता नै हुन सकेको पाइएन । उक्त ठेक्काबाट गरिने कार्यका लागि संघीय सरकारबाट ६० र पालिकाबाट ४० प्रतिशत लागत सहभागिता हुने गरी निर्माण कार्य सुरु हुने अबस्थामा बिबादका कारण काम सुरु हुन नसक्दा उक्त निर्माण कार्य हुने नहुने अन्यौल भएको छ । बजेटको सुनिश्चितता सहित पारदर्शी र मितव्ययी तरिकाले उक्त काम संचालन गर्न सरोकारवाल सबै निकायको सहयोग र सहकार्य हुन आबश्यक देखिन्छ । | |
| ९४.९ | | | ठेक्का सम्बन्धी काम गर्ने सबै सरकारी निकायले महालेखापरीक्षकबाट स्वीकृत म ले प फा नं ५०७ को ढाँचामा ठेक्काको विबरण तयार गरी राखुपर्नेमा उक्त फारामले तोकेको ढाँचामा अभिलेख राखेको पाइएन । तोकिएको ढाँचामा सबै व्यहोरा खुल्ने गरी अभिलेख राख्ने व्यहोराको पालना नहुनु मनासिब देखिएन । तोकिएको म ले प फाराममा सबै व्यहोरा खुलाई अभिलेख राख्ने व्यबस्था हुनुपर्दछ । | |
| ९४.१० | | | सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा खरिद कारवाहीको अभिलेख राख्दा आबश्यक पर्ने कागजात र त्यसको क्रमबद्धता तोकिदिएको छ । तर यस पालिकाले सो अनुसार खरिद कारबाहीको अभिलेख तयार गरी राखेको पाइएन । सो अनुसार नहुँदा खरिद कारबाही अनुगमन मुल्याँङ्कन तथा लेखापरीक्षणमा समेत कठिनाई पर्ने हुँदा नियमले तोके अनुसार खरिद कारबाहीको अभिलेख राख्ने व्यबस्था हुनुपर्दछ । | |
| ९४.११ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । यस्तो नगर्दा थोरै समयमा सकिने कामलाई तुलनात्मकरुपमा बढी र बढी समय लाग्नेलाई तुलनात्मकरुपमा घटी समयमा काम सम्पन्न गर्ने सम्झौता हुन सक्ने अबस्था आउन सक्ने हुँदा लागत अनुमान गर्दा नै काम सम्पन्न गर्ने लाग्ने समय खुलाउने र ठेक्का सम्झौता अनुसार सोही अनुसारको काम सम्पन्न गर्ने अबधि राखी सोही अनुसार काम सम्पन्न गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ९४.१२ | | | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११(१)ज१ बमोजिम निर्माण व्यबसायीले तोकिए अनुसार निर्माण स्थलमा सूचना पाटी राखु पर्ने उल्लेख छ । यस पालिकाबाट ठेक्कापट्टा गरीएका सबै ठेक्कामा उपरोक्त अनुसार सुचना राखेको देखिने फोटो सहितका प्रमाण राखेको पाइएन । तोकिए अनुसारको सूचना नहुनु मनासिब देखिदैन । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| ९४.१३ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क (६) मा रहेको छ । यस कार्यालय अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ९४.१४ | | | सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौता बमोजिम ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्यावधिक गर्ने गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्यॉङ्कन तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| ९४.१५ | | | सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन। अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |

| | | | | |
|---|---|---|---|---|
| ९४.१६ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मज्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ। | |
| ९४.१७ | | | सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ ।पालिकाबाट ठेक्कापट्टा गरिएको सबै ठेक्कामा वीमा गरेको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एंव ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |
| ९४.१८ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत गुणस्तर आस्वस्थता योजना Quality Assurance Plan पेश गर्न लगाई गुणस्तर परीक्षण प्रणालीलाई संस्थागत गराउनु पर्ने हुन्छ । पालिकाले निर्माणकार्यको गुणस्तर सुनिश्चितता केही निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री तथा निर्माण कार्यको प्रयोगशाला परीक्षण गराएको देखिए पनि अधिकाँश कामको परिक्षण गराएको पाइएन । यसले गर्दा सबै निर्माण कार्यमा पर्याप्त गुणस्तर कायम भएको छ भनि आश्वस्त हुन सकिने अवस्था छैन । अतः नियमावलीको प्रावधान अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न सबै निर्माण कार्यहरुको गुणस्तर परिक्षणलाई अनिवार्य गराउने तथा गुणस्तर परीक्षणका लागि पालिकाबाटै नमुना लिइ सरकारी निकायबाट गुणस्तर गराई सो को प्रमाण लिने व्यबस्थाको पालना हुनुपर्दछ । | |
| ९५ | | | **सामाजिक सुरक्षा वितरण** | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत ४ वटा बैंकबाट जम्मा रु. १५,०३,९८,०८८। वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्ः- | |
| ९५.१ | | | **के वाइ सी अद्यावधिक नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| ९५.२ | | | **निष्क्रिय खाताको विवरण नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| ९५.३ | | | **सामाजिक सुरक्षा भत्ता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष बैंक मार्फत रु. १५,०३,९८,०८८।०० सामाजिक सुरक्षा वितरण गरेको छ। बैंकवाट वितरण गरेका लाभग्राहीको लगत अद्यावधिक नगरेका कारण बैकमा पठाएको र बैकंले फिर्ता गरेको रकमसँग भिडान गर्ने अवस्था छैन। पालिकाले वेलामा लगत अद्यावधिक नगरेका कारण बैकंलाई रकम निकासा गर्दा धेरै गर्ने र वितरण भई सकेपछि बैकंले ठुलो रकम फिर्ता गर्ने गरेको देखियो। यस सम्वन्धमा पालिकाले विवरणहरु एकिन गरि लगत अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ९५.४ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। यस पालिकाले वडा नं १ र ३ को लाभग्राहीहरुका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागि रकम निकासा गरेकोमा बैकंले बुझाएको भरपाईमा मृत्यु भइसकेका देहायका व्यक्तिहरुको खातामा समेत नगद जम्मा गरेको पाइयो। पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरुको विवरण अपडेट गरि मृत व्यक्ति लगायत अन्य लाभग्राही व्यक्तिहरुको लगतकट्टा गरि बैकंलाई रकम जम्मा | ८२,३७९ |

गर्न आवश्यक रकम निकासा गर्नुपर्नेमा सो कार्य नगरेकोले केहि मृत व्यक्तिहरुको खातामा समेत रकम जम्मा भएको पाइयो। अत : मृत व्यक्तिलाई भुक्तानी भएको ८२,३७९। असुल गर्नुपर्ने रु.

| क्र.सं. | नाम | परिचय पत्र नम्वर | वढी भुक्तानी भएको रकम रु. |
|---|---|---|---|
| १ | सुभग्या देवी चौधरी (दोस्रो चौमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९९७१२३१२६१०४ | १०,१३३। |
| २ | सन्तोषी देवी डगौरा (दोस्रो चौमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९९०३०३०५००९१७ | ११,८६६। |
| ३ | डोडी देवी डगौरा (दोस्रो चौमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | २००००६०९००५८४ | ६,६२०। |
| ४ | जीत बहादुर डगौरा थारु (दोस्रो चौमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | २०००१११००९२९ | ६,०६९। |
| ५ | ठाकु राम थारु (दोस्रो चौमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | २००१०२१२००१६२५ | ७,५८६। |
| ६ | विपतराम डगौरा (दोस्रो चौमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९९८१२०३००८१३ | ११,८६६। |
| ७ | झिङ्ग बहादुर डगौरा (तेस्रो चौमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९९३१२३०८५७४३ | ११,५८६। |
| ८ | चमरु डगौरा (तेस्रो चौमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९८८१२३०५१६२५ | १,३३३। |
| ९ | कालु डगौरा थारु (तेस्रो चौमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९८९१२३०५०५१३ | ३,६००। |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>चेचु डगौरा (तेस्रो चौमासिक, ४ नं वडा, जेष्ठ नागरिक)</td><td>२००११२३१५४६२३</td><td>७,३३३।</td></tr>
<tr><td>११</td><td>टुरी देवी चौधरी (पहिलो चौमासिक, ९ नं वडा, जेष्ठ नागरिक)</td><td>२००११२०६००७९२</td><td>४,३८७।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८२,३७९।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९५.५</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमालवली, २०७७ नियम ३९ अनुसार रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यबस्था छ । पालिकाको निम्न वडामा सामाजिक सुरक्षा रकम वितरण गर्दा निम्न लाभगाह्रीलाई दोहोरो भुक्तानी दिएको पाइयो । दोहोरो परेको रु.१२,०००। सम्वन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><td>क्र.सं.</td><td>सामाजिक सुरक्षाको प्रकार</td><td>लाभग्राहीको नाम</td><td>जन्ममिति</td><td>प्रमाणपत्र नम्बर</td><td>किस्ता रकम</td></tr>
<tr><td></td><td colspan="5">वडा नं. ८</td></tr>
<tr><td>१</td><td>जेष्ठ नागरिक</td><td>चुलु डगौरा थारु</td><td>२००८/१/१०</td><td>१६७२</td><td>३*४,०००= १२,०००।</td></tr>
</table>
</td><td>१२,०००</td></tr>
<tr><td>९६</td><td></td><td></td><td>धरौटीतर्फ - सार्बजनिक खरिद नियमावली ,२०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ ।यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फितां माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन र कर चुक्ता प्रमाणमात्र पेश नगरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ</td><td>८२६,८८३</td></tr>
</table>

। यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले डी एल पी अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएको भन्ने सिफारिस बेगर धरौटी फिर्ता दिएको पनि देखियो । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु ८,२६,८८३। धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु

| **क्र.सं.** | **गो.भौ.न./मिति** | **धरौटी फिर्ता पाउने** | **कैफियत** | **धरौटी फिर्ता रकम रु** |
|---|---|---|---|---|
| १ | ८-२०७८।११।११ | जोशी।अमृत जेभी | कर चुक्ता प्रमाण नभएको | ६,५६,७८५।८३ |
| २ | ११-२०७८।१२।२३ | दिप निर्माण सेवा | मु.अ.कर समायोजन प्रमाण नभएको | ८५,५३०। |
| ३ | ११-२०७८।१२।२३ | ब्राइट सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | मु.अ.कर समायोजन प्रमाण नभएको | ८४,५६८। |
| **जम्मा** | | | | **८,२६,८८३।** |

९७

अनुगमन तथा सम्परीक्षण-

महालेखा नियन्त्रक कार्यालयले २०७६/७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी २०७६/४/९ मा परिपत्र गरेको थियो । बेरुजू लगत तथा संपरीक्षण अभिलेख प्रयोजनका लागि बेरुजु लगत खाता म.ले.प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म.ले.प. फा. नं. ८०५ लगायतका फारामहरु प्रयोगमा ल्याउनु पर्नेमा ल्याएको देखिएन। यस्तो अबस्थामा पालिकाको बेरुजूको लगत तथा सम्परीक्षणको अभिलेख व्यबस्थितरुपमा रहेको छ भनि बिश्वस्त हुने अबस्था रहेन। यसका लागि पालिकाले उक्त फारामहरु प्रयोगमा ल्याई बेरुजू लगत तथा सम्परिक्षणको अभिलेख व्यबस्थितरुपमा राख्ने व्यबस्था गर्नुपर्दछ।